**नेपाल सरकार**

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

**सार्वजनिक सेवा प्रसारण नेपाल, रेडियो नेपाल**

**आ.व. २०८१/८२ को**

***वार्षिक प्रगति प्रतिवेदन***

## १.परिचय

### १.१. पृष्ठभूमिः-

वि.सं. २००७ साल चैत्र २० गते विधिवत् रूपमा स्थापना भएको रेडियो नेपाल नेपालको पहिलो र दीर्घकालीन रेडियो प्रसारण सेवा प्रदायक संस्था हो। प्रारम्भिक चरणमा तत्कालीन सञ्चार मन्त्रालय अन्तर्गतको प्रसार विभागको रूपमा सञ्चालनमा आएको यस संस्था वि.सं. २०४१ सालपछि विकास समिति ऐन, २०१३ बमोजिम सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गतको रेडियो प्रसार सेवा विकास समितिमा रूपान्तरण गरिएको थियो।

देशको सञ्चार प्रणालीलाई अझ सुदृढ, सशक्त र समन्वित बनाउने उद्देश्यले वि.सं.२०८१ साल असोज २२ गते जारीभई कार्तिक २३ गतेदेखि रेडियो नेपाल र नेपाल टेलिभिजनलाई एउटै संस्थागत ढाँचामा समेटी सार्वजनिक सेवा प्रसारण संस्थाको रूपमा एकीकृत गरिएको छ। यस रूपान्तरणसँगै, रेडियो नेपालले अब सार्वजनिक सेवा प्रसारकको हैसियतमा विधि सम्मत, निष्पक्ष, सत्यतथ्यमा आधारित तथा सर्वसुलभ सूचनाको हक सुनिश्चित गर्ने दायित्व थप प्रभावकारी रूपमा वहन गर्नेछ।

सूचना प्रवाहको सर्वसुलभ र विश्वसनीय माध्यमका रूपमा रेडियो नेपालले राष्ट्रिय एकता सुदृढ गर्ने, जनचेतना अभिवृद्धि गर्ने, सामाजिक रुपान्तरणलाई प्रवर्द्धन गर्ने तथा लोकतान्त्रिक अभ्यासलाई संस्थागत गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। संघीयता, समावेशिता, वाक स्वतन्त्रता र सूचनाको हक जस्ता संवैधानिक मूल्य मान्यताहरूको प्रवर्द्धनमा समेत यस संस्थाको योगदान उल्लेखनीय रहँदै आएको छ।

हाल रेडियो नेपालले मिडियम वेभ, एफ.एम. र अनलाइन प्लेटफर्ममार्फत करिब ९४ प्रतिशत जनसंख्यामा सेवा विस्तार गरि रहेको छ। यसका समाचारहरू २६ भाषामा र नियमित कार्यक्रमहरू २५ भाषामा प्रसारण हुँदै आएका छन्। अनलाइन सेवा मार्फत २४ सै घण्टा विश्वव्यापी रूपमा सूचना सम्प्रेषण गर्रिदै आएको छ। **राष्ट्रिय रेडियो, राष्ट्रको सञ्चार** भन्ने मूल नारा अनुरूप संस्थाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयवस्तु, नीति तथा कार्यक्रम, र जनसरोकारका विषयहरूलाई समेटी सार्वजनिक सूचनाको मूल स्रोतको रूपमा आफ्नो सेवा निरन्तर सञ्चालन गरि रहेको छ।

रेडियो नेपालले सातैवटा प्रदेशमा प्रादेशिक प्रसारण कार्यालयहरू स्थापना गरेको छ। तीमध्ये तीनवटा प्रदेशमा मिडियम वेभ सेवा सञ्चालनमा रहेका छन् भने देशका विभिन्न भूगोलमा रहेका ३६ वटा एफ.एम. रिले प्रसारण केन्द्रहरूबाट प्रसारणलाई निरन्तरता दिइएको छ । कोशी प्रदेशको विराटनगर–४, खार्जीचोकमा रेडियो नेपालका संस्थापक निर्देशक स्वर्गीय तारिणीप्रसाद कोइरालाको स्मृतिमा "तारिणीप्रसाद कोइराला स्मृति सञ्चारग्राम" समेत सञ्चालनमा ल्याइएको छ, जसले राष्ट्रिय प्रसारण प्रणालीको गौरवपूर्ण इतिहासको जगेर्ना गर्दै वर्तमान र भविष्यलाई समेत दिशा दिने कार्य गरिरहेको छ।

### १.२ निकायको स्वरूप र प्रकृतिः-

रेडियो नेपाल वि.सं. २००७ साल चैत्र २० गते विधिवत रूपमा स्थापना भएको नेपालको पहिलो र अग्रणी सार्वजनिक प्रसारण संस्था हो। प्रारम्भमा यो संस्था तत्कालीन सूचना मन्त्रालयअन्तर्गत प्रसार विभागको अंगका रूपमा रहेको थियो। पछि वि.सं. २०४१ साल भदौ १ गतेदेखि विकास समिति ऐन, २०१३ अनुसार रेडियो नेपाललाई विकास समितिको रूपमा पुनर्गठन गरियो।

हालै वि.सं. २०८१ मा पारित "सार्वजनिक सेवा प्रसारण ऐन" बमोजिम रेडियो नेपाल र नेपाल टेलिभिजनलाई एउटै संरचनामा समेटी **सार्वजनिक सेवा प्रसारण संस्था**को रूपमा रूपान्तरण गरिएको छ। यस संस्थाको स्वरूप अब एक स्वतन्त्र, सार्वजनिक हितमा समर्पित प्रसारण निकायको रूपमा विकास गरिएको छ।जसले नाफा होइन, सेवा मुख्य ध्येय मानेर कार्य गर्छ।

यसको केन्द्रीय कार्यालय काठमाडौंको सिंहदरबारमा रहेको छ। सातै प्रदेशमा प्रादेशिक प्रसारण कार्यालयहरू, तीनवटा मिडियम वेभ प्रसारण केन्द्र, विराटनगरमा सञ्चारग्राम, र देशभरि ३६ वटा एफ.एम. रिले स्टेशनहरू सञ्चालनमा छन्।

प्रविधिको दृष्टिकोणले रेडियो नेपाल मिडियम वेभ, एफ.एम. र डिजिटल माध्यममार्फत बहुभाषिक समाचार तथा कार्यक्रमहरू प्रसारण गर्ने **बहु-च्यानलयुक्त सार्वजनिक सेवा माध्यम** हो। यसको सेवा २४ घण्टा सञ्चालन हुन्छ र रेडियो नेपालले देशको झन्डै ९४ प्रतिशत जनसंख्यालाई समेटेको छ । भाषिक विविधता, भौगोलिक पहुँच, र प्रसारण क्षमताका आधारमा रेडियो नेपाल नेपालको सञ्चार संरचनामा एक अत्यन्त महत्वपूर्ण, समावेशी र जनमुखी सार्वजनिक संस्था हो।

**रेडियो नेपालले उपलब्ध प्रविधिको प्रयोग गरी जनतालाई सरल र सहज हुने किसिमले आफ्नो प्रसारणलाई विस्तार गर्दै लगेको छ ।हाल रेडियो नेपालको प्रसारण प्रविधि र क्षमता यस प्रकार रहेको छ ।**

**MW 320 KW And FM 41.9 KW**

(क) News Portal: www.onlineradionepal.gov.np (Online Streaming from Central Office Singhadarbar and 7 Provincial Broadcasting Station of Radio Nepal separately during provincial hours.)

(ख) Mobile Apps: radionepal (both in Android and IOS System)

(ग) Website: www.radionepal.gov.np

### क. मिडियम वेभ र एफएम प्रसारणहरूको विवरण

| क्र.सं. | प्रादेशिक प्रसारण कार्यालय तथा प्रसारण केन्द्र | फ्रिक्वेन्सी मिडियम वेभ तथा एफएम | क्षमता |
|---|---|---|---|
| १. | रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय धनकुटा, कोशी प्रदेश | स्टुडियो मात्र | ८ च्यानल |
| २. | रेडियो नेपाल प्रसारण केन्द्र धरान, कोशी प्रदेश | ६४८ किलोहर्ज | MW१०० किलो वाट (हाल स्थगित) |
| ३. | रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय बर्दिवास, मधेश प्रदेश | ११४३ किलोहर्ज र १०३ मेघाहर्ज | MW १० किलो वाट एफएम २ किलोवाट |
| ४. | रेडियो नेपाल प्रसारण केन्द्र भैसेपाटी ललितपुर, बागमती प्रदेश | ७९२ किलोहर्ज | MW १०० किलोवाट |
| ५. | रेडियो नेपाल प्रसारण केन्द्र खुमलटार ललितपुर, बागमती प्रदेश | १०० मेघाहर्ज | एफएम ३ किलोवाट |
| ६. | रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय पोखरा, गण्डकी प्रदेश | ६८४ किलोहर्ज/ १०० मेघाहर्ज | १०० किलोवाट एफएफ १ कि.वाट |
| ७. | रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय दाङ, लुम्बिनी प्रदेश | ९८ मेघाहर्ज | एफएफ १ कि.वाट |
| ८. | रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय सुर्खेत, कर्णाली प्रदेश | ५७६ किलोहर्ज १०३ मेघाहर्ज | MW१०० किलो वाट, (हाल स्थगित) एफएम ५०० वाट |
| ९. | रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय दिपायल, सुदूरपश्चिम प्रदेश | ८१० किलोहर्ज एफएम १०० MHZ | १० किलोवाट (हाल स्थगित) एफएम ३०० वाट |

एफएम ९८, १०० र १०३ मेगाहर्जमा देशका ३६ वटा विभिन्न स्थानमा सञ्चालित रिले प्रसारण केन्द्रहरूः-

| क्र.सं. | एफ.एम. रिले केन्द्र र स्थान | फ्रिक्वेन्सी | क्षमता | प्रदेश |
|---|---|---|---|---|
| १. | भेडेटार, धनकुटा | १०० मेगाहर्ज | 5 KW | कोशी प्रदेश |
| २. | भेडेटार, धनकुटा | १०३ मेगाहर्ज | २ KW | |
| ३. | पत्ताले डाँडा, सोलुखुम्बु | ९८ मेगाहर्ज | 2 KW | |
| ४. | आइतबारे इलाम | १०३ मेगाहर्ज | 500 W | |
| ५. | सिलौटे डाडा, पाँचथर | ९८ मेगाहर्ज | 2 KW | |
| ६. | जितपुर, बारा | १०३ मेगाहर्ज | 1 KW | मधेस प्रदेश |
| ७. | बर्दिवास, महोत्तरी | १०३ मेगाहर्ज | 2 KW | |
| ८. | सिमभन्ज्याङ, मकवानपुर | १०० मेगाहर्ज | 2 KW | बागमती प्रदेश |
| ९. | काठमाण्डौ, एफ.एम खुमलटार, ललितपुर | १०० मेगाहर्ज | 3 KW | |
| १०. | बिविसी रिलेस्टेशन खुमलटार, ललितपुर | १०३ मेगाहर्ज | 1 KW | |
| ११. | चरिकोट, दोलखा | १०० मेगाहर्ज | 500W | |
| १२. | दाउन्ने, पश्चिम नवलपरासी | १०३ मेगाहर्ज | 2 KW | गण्डकी प्रदेश |
| १३. | जोमसोम, मुस्ताङ | १०० मेगाहर्ज | 100 W | |
| १४. | बन्दिपुर, तनहुँ | १०० मेगाहर्ज | 1 KW | |
| १५. | पोखरा, कास्की | १०० मेगाहर्ज | 1 KW | |
| १६. | दुर्लुङ्गकोट, पर्वत | १०० मेगाहर्ज | 500W | |
| १७. | उपल्लोकोट, गोरखा | ९८ मेगाहर्ज | 500W | |
| १८. | रेसुङ्गा गुल्मी | १०० मेगाहर्ज | 2 KW | लुम्बिनी प्रदेश |
| १९. | सातदोवाटे, रोल्पा | १०३ मेगाहर्ज | 1 KW | |
| २०. | हेमन्तपुर, दाङ | ९८ मेगाहर्ज | 2KW | |
| २१. | चौपट्टा, दाङ | १०० मेगाहर्ज | 500W | |
| २२. | सिमीकोट, हुम्ला | १०० मेगाहर्ज | 300 W | कर्णाली प्रदेश |
| २३. | खलङ्गा, जुम्ला | १०३ मेगाहर्ज | 300 W | |
| २४. | मान्मा, कालिकोट | १०० मेगाहर्ज | 300 W | |
| २५. | मुर्माटप, मुगु | १०० मेगाहर्ज | 300 W | |
| २६. | जुफाल, डोल्पा | १०३ मेगाहर्ज | 500 W | |
| २७. | हर्रे, सुर्खेत | १०० मेगाहर्ज | 2 KW | |
| २८. | बिरेन्द्रनगर, सुर्खेत | १०३ मेगाहर्ज | 300 W | |
| २९. | जन्तिबस्ने लेक रूकुम पश्चिम | १०३ मेगाहर्ज | 500 W | |
| ३०. | बुढितोला, कैलाली | १०३ मेगाहर्ज | 1 KW | सुदुरपश्चिम प्रदेश |
| ३१. | खोड्पे, बैतडी | ९८ मेगाहर्ज | 1 KW | |
| ३२. | छापरी, दार्चुला | ९८ मेगाहर्ज | 500 W | |
| ३३. | हेमन्तवडा ,बझाङ | १०३ मेगाहर्ज | 500 W | |
| ३४ | उडितोला, डोटी | १०० मेगाहर्ज | 500 W | |
| ३५ | दिपायल, डोटी | १०३ मेगाहर्ज | 300 W | |
| ३६ | कालाजाग्रा, बाजुरा | १०३ मेगाहर्ज | 500 W | |

रेडियो नेपालबाट प्रसारण हुने सूचना सन्देश समाचार र कार्यक्रमहरू

| क्र.सं. | विवरण | भाषाहरू |
|---|---|---|
| १. | समाचार | नेपाली, अंग्रेजी, हिन्दी, संस्कृत, मैथिली, उर्दु, नेवारी, भोजपुरी, तामाङ्ग, शेर्पा, पुर्बेलीथारू, राईवान्तावा, लिम्बु, गुरूङ्ग, मगर, पश्चिमाथारू, अवधी, खाममगर, डोटेली, रानाथारू र मगही, बज्जिका, बैतडेली, राजवंशी, खस र दनुवार । |
| २. | कार्यक्रम | वालबाटिका, युवा, महिला, जेष्ठ नागरिक, समानता, लगायतका कार्यक्रम नेपाली भाषामा र हिन्दी, मैथली, उर्दु, नेवारी, भोजपुरी, तामाङ्ग, शेर्पा, पुर्बेली थारू, राईवान्तावा, लिम्बु, गुरूङ्ग, मगर, पश्चिमाथारू, अवधी, खाममगर, डोटेली, रानाथारू र मगही, बज्जिका, बैतडेली, खस, राजवंशी भाषामा उत्पादन तथा प्रसारण हुदै आएको । |
| ३. | गीत संगीत | नेपाली, अंग्रेजी, संस्कृत, मैथली, उर्दु, नेवारी, भोजपुरी, तामाङ्ग, शेर्पा, पुर्बेलीथारू, राईवान्तावा, लिम्बु, गुरूङ्ग, मगर, पश्चिमाथारू, अवधी, खाममगर, डोटेली, बैतडेली, राजवंशी, रानाथारू, मगही र बज्जिका भाषाका गीतहरू प्रसारण भैरहेको। |
| ४. | विषेश कार्यक्रम तथा प्रत्यक्ष प्रसारण | चाडपर्व, राष्ट्रिय उत्सव-महोत्सव, दिवस, संसद गतिविधी र राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका घटनाक्रममा विशेष कार्यक्रम तथा प्रत्यक्ष प्रसारण गरिदै आएको । |

**१.३ सार्वजनिक सेवा प्रसारण संस्था रेडियो नेपालको काम, कर्तव्य र अधिकारः-**

(क) भौगोलिक अखण्डता र राष्ट्रिय एकताराष्ट्रिय हित र राष्ट्रियताको ,सामाजिक तथा साँस्कृतिक सदभाव कायम गर्ने , सन्देश र कार्यक्रमको उत्पादन तथा ,सूचना ,सम्बन्ध अभिबृद्धि गर्ने समाचार-संघीय इकाइबीचको सु ,प्रवर्धन गर्ने प्रसारण गर्ने।

(ख) विभिन्न जातसहिष्णुता र ऐक्यबद्धता कायम गर्ने ,संस्कृति र सम्प्रदायवीच सदभाव ,भाषा ,धर्म ,पेशा ,लिङ्ग ,जाति , क्षेत्र र समुदायको उत्थान र विकासका लागि कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने। ,तथा विभिन्न वर्ग

(ग) सार्वजनिक सरोकार र नागरिकका आवश्यकता अनुसारको विषयमा कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने।

(घ) नागरिकको सूचनाको हक प्रचलन गराउन मुलुकको सवै भूभागमा प्रसारणको पहुँच पुर्याउने।

(ङ) प्रसारण क्षेत्रमा भएका विकास र नयाँ प्रविधिको अधिकतम उपयोग गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा समेत सूचना , ञ्जन प्रदान गर्ने।सन्देश र मनोर

(च) सूचना सम्प्रेषणद्वारा मुलुकको राष्ट्रभाषासंस्कृति र सम्पदाको संरक्षण तथा प्रवर्धन गर्ने। ,कला ,लोपोन्मुख मातृभाषा ,

(छ) जनस्वास्थ्यविपद् र अन्य आपतकालीन अवस्था सम्बन् ,जलवायु परिवर्तन ,वातावरण ,जनहित ,धी सूचना तथा पूर्वजानकारी प्रवाह गरी जनचेतना जगाउने।

(ज) खेलकुद सम्बन्धी कार्यक्रम प्रसारण गर्ने तथा सचेतनामूलक र मनोरञ्जनात्मक कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने।

(झ) ज्ञानविज्ञान र प्रविधि प्रवर्धन गर्ने कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने। ,

(ञ) मुलुकको समग्र विकासमा योगदान दिने खालका कार्यक्रमको उत्पादन तथा प्रसारण गर्ने।

(ट) आफूले उत्पादनअनलाइन तथा अन्य प्रविधिको माध्यमबाट प्रकाशन ,निर्माण तथा प्रसारण गरेका कार्यक्रम डिजिटल , तथा प्रसारण गर्ने।

(ठ) कृषिपर्यटन र प्राकृतिक स्रोत जस्ता विषयमा खोजमूलक तथ्यहरू प्रचा ,उद्योग ,रमा ल्याई रोजगारमूलक कार्यक्रम प्रवर्धन गर्दै नेपालको अर्थ व्यवस्थालाई सबल बनाउन सहयोग पुर्याउने कार्यक्रम प्रसारण गर्ने।


(ड) संघीय संसदप्रदेश सभा समिति तथा गाउँ सभाका गतिविधिको सम्बन्धमा कार्यक्रम ,प्रदेश सभा ,संसदीय समिति , प्रसारण गर्ने।

(ढ) सरकारको सार्वजनिक नीतिसम्बन्धमा सूचना प्रसारण गर्ने। निर्णय तथा काम कारबाहीका ,

बमोजिम कार्यक्रम उत्पादन तथा प्रसारण गर्दा सार्वजनिक सेवा प्रसारण संस्थाले मानव अधिकारका (१) उपदफा (२) समानुपातिक समावेशीकरण तथा सामाजिक न्यायको ,लैङ्गिक समानता ,मान्यता ,मूल्यसिद्धान्तलाई आत्मसात् गर्नु पर्नेछ।

## १.४ निकायको सङ्गठन संरचना

सार्वजनिक सेवा प्रसारण ऐन, २०८१ मिति २०८१ असोज २२ गते जारी भई कार्तिक २३ गतेबाट लागू भई रेडियो नेपाल र नेपाल टेलिभिजन एकीकृत संरचनामा रूपान्तरण भएका छन्। तर ऐन कार्यान्वयनका लागि आवश्यक O&M सर्वे तथा कर्मचारी सेवा विनियमावली तयार नभएकाले नयाँ संरचना लागू हुन सकेको छैन। परिणाम स्वरूप, रेडियो नेपाल हालसम्म पनि साविकको विकास समिति स्वरूप र संगठन संरचना अनुसार सञ्चालन भइरहेको छ। जुन देहाय बमोजिम रहेको छ।



**रूपान्तरित** O&M सर्वे कार्य भैरहेको र प्रकृया पुरा नहुन्जेल पुरानै संरचना अनुसारको **दरबन्दी तेरिजः-**

| क्र.सं. | महाशाखा/प्रादेशिक प्रसारण केन्द्र/ट्रान्समिटिङ स्टेशन | जम्मा दरबन्दी | प्रदेश |
|---|---|---|---|
| १. | प्रशासन महाशाखा | १४५ | केन्द्रीय कार्यालय सहित बाग्मती प्रदेश |
| २. | ईन्जिनियरिङ महाशाखा | ५४ | केन्द्रीय कार्यालय सहित बाग्मती प्रदेश |
| ३. | व्यापार महाशाखा | १३ | केन्द्रीय कार्यालय सहित बाग्मती प्रदेश |
| ४. | समाचार महाशाखा | ४९ | केन्द्रीय कार्यालय सहित बाग्मती प्रदेश |
| ५. | कार्यक्रम महाशाखा | ६० | केन्द्रीय कार्यालय सहित बाग्मती प्रदेश |
| ६. | आर्थिक महाशाखा | १६ | केन्द्रीय कार्यालय सहित बाग्मती प्रदेश |
| ७. | रेडियो नेपाल प्रसारण केन्द्र भैंसेपाटी, ललितपुर | १९ | केन्द्रीय कार्यालय सहित बाग्मती प्रदेश |
| ८. | रेडियो नेपाल प्रसारण केन्द्र खुमलटार, ललितपुर | २५ | केन्द्रीय कार्यालय सहित बाग्मती प्रदेश |
| ९. | रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय वर्दिवास महोत्तरी | २४ | मधेस प्रदेश |
| १०. | रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय पोखरा कास्की | ३९ | गण्डकी प्रदेश |
| ११. | रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय सुर्खेत | ३३ | कर्णाली प्रदेश |
| १२. | रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय दिपायल, डोटी | २४ | सुदूर पश्चिम प्रदेश |
| १३. | रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय धनकुटा | ३५ | कोशी प्रदेश |
| १४. | धरान ट्रान्समिटिङ स्टेसन | २२ | |
| १५. | तारिणीप्रसाद कोइराला स्मृति सञ्चारग्राम, विराटनगर | ० | |
| १६. | रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय दाङ | ० | लुम्बिनी प्रदेश |
| | **जम्माः** | **५५८** | |

उल्लेखित मध्ये स्थायी कर्मचारीः ३२७ जना तथा हाल समितिमा करार, सिफ्ट वेसिस, मासिक ज्यालादारी, दैनिक ज्यालादारी र सुरक्षा गार्डसहितः २२० जना कार्यरत छन्।

### १.५ निकायवाट प्रदान गरिने सेवाहरू (महाशाखा/शाखागत कार्य विभाजन)

**इन्जियरिङ्ग महाशाखाः**

**इन्जियरिङ्ग प्रसारण**

- प्रसारण महाशाखाको जिम्मेवारी बहन गरी कार्य गर्ने, गराउन निर्देशन दिने ।
- दैनिक प्रसारण तथा ईन्जिनियरिङ्ग पक्षसँग सम्बन्धित समितिको अन्य दैनिक कार्य निर्वाध संचालनको व्यवस्था मिलाउने।
- महाशाखा अन्तर्गत हुने गतिविधिहरुमा समन्वय गर्ने र सम्बन्धित क्षेत्रको कार्य संचालनमा समस्या आउन नदिने तर्फ क्रियाशील रहने ।
- समितिको प्रसारण कार्यका लागि देशभर जडान भएका प्राविधिक उपकरणहरुलाई दुरुस्त राख्न नियमित मर्मत सम्भार कार्य ।
- केन्द्रीय र क्षेत्रीय प्रसारण केन्द्रहरुमा उत्पन्न हूने ईन्जिनियरिङ्ग तर्फका समस्याहरुको समाधान गर्ने, गराउने ।
- समय समयमा मूलूकमा हूने राष्ट्रिय महत्वका अवसरहरुको प्रत्यक्ष प्रसारणको व्यवस्था ट्रान्समिटिङ्ग स्टेशनहरूसँग समेत समन्वय गर्ने ।
- उपर्यूक्त कार्य प्रभावकारी रुपमा संचालन गर्न महाशाखा अन्तरगतका सम्पुर्ण कर्मचारीहरुलाई के कस्तो काम दिने/काममा लगाउने सम्बन्धी व्यवस्था गर्ने गराउने ।

- समितिको विभिन्न स्थानमा रहेका एएम तथा एफएम प्रसारण प्रणालीको समय सापेक्ष व्यवस्थापन, सुपरिवेक्षण तथा अनुगमन गर्ने ।
- समितिको विद्यमान प्रसारण प्रणालीमा कुनै खराबी देखा परेमा सो को समाधानका लागि आवश्यक समन्वय गर्ने/ गराउने ।
- समितिले अवलम्वन गने नयां प्रविधिको प्रसारण प्रणाली एवं STL Link का लागि आवश्यक समन्वय गर्ने/गराउने ।
- समिति मातहतका प्रादेशिक प्रसारण कार्यालय, प्रसारण केन्द्र तथा एफएम रिलेकेन्द्रहरूमा रहेका प्रसारण उपकरणहरू के कस्तो अवस्थामा छन् सो को निरिक्षण गरी आवश्यक रहेमा सोको लिष्ट तयार गर्ने वा सम्बन्धित प्रसारण केन्द्रलाई तयार गर्न लगाउने र सो को आवश्यक व्यवस्थापन गर्ने/गराउने ।
- समितिको प्रसारण प्रणालीमा विस्तार गर्न वा मर्मत सुधारको उदेश्य लिई समितिको नियमानूसार खरिद प्रकृयाबाट भित्रिएका नयाँ उपकरण एवं जगेडा पार्ट पूर्जाहरुको आवश्यक परिक्षण गर्ने/गराउने ।
- समितिमा भित्रिएका आफ्नो मातहतमा पर्ने सामानहरु समितिको मापदण्ड बमोजिम पाइएमा स्टोर दाखिलाको लागि आवश्यक प्रकृया मिलाउन सिफारिश गर्ने/गराउने ।
- महाशाखा अन्तर्गत कार्यरत कर्मचारीहरुको खटन पटन गर्ने र सोको जानकारी नायव कार्यकारी निर्देशकलाई गराउने।
- समयानुसार थप घट भएका महाशाखासँग सम्बन्धित अन्य कार्यहरू गर्ने/गराउने ।

**इन्जियरिङ्ग उत्पादन/तालिमः**

- समितिको सबै उत्पादनसँग सम्बन्धित सबै प्रकारको उपकरणहरुको सुदृढीकरण, संरक्षण तथा मर्मत सम्भारको अनुगमन गर्ने तथा स्वीकृत योजना/कार्यक्रम कार्यान्वयन गर्ने, गराउने ।
- प्रसारण, योजना विकास र विस्तार महाशाखाहरुसंग समन्वय गर्ने ।
- महाशाखा अन्तर्गत हुने गतिविधिहरुमा समन्वय गर्ने र सम्बन्धित क्षेत्रको कार्य संचालनमा समस्या आउन नदिनेतर्फ क्रियाशील रहने ।
- चारै सभा प्रमूखहरु (प्राविधिक) सँग समन्वय गरी सवै सभाका प्राविधिक कर्मचारीहरुलाई आवश्यकता अनुसारको काममा लगाउने ।
- चारै सभाको रेडियो प्रसारणको मनिटरिङ्ग गर्ने, व्यवस्था गर्ने तथा गर्न लगाउने । प्रसारणमा अवरोध आएमा तत्काल इन्जिनियरिङ्ग प्रसारण महाशाखासँग समन्वय गरी समाधान गर्ने तथा स्टुडियो भवन हाताभित्र रहेको भौतिक साधनहरुको मर्मत सम्भार, र संरक्षण गर्ने व्यवस्था मिलाउने ।
- उपर्युक्त कार्य प्रभावकारी रुपमा संचालन गर्न महाशाखा अन्तरगतका सम्पुर्ण कर्मचारीहरुलाई के कस्तो काम दिने,काममा लगाउने सम्बन्धी व्यवस्था गर्ने गराउने ।
- स्वदेशी तथा विदेशी तालीम, सेमिनार आदिमा कर्मचारीको मनोनयन सम्बन्धी कारवाही चलाउने र निर्णय अनुसार कार्यान्वयन गर्ने/गराउने ।
- शाखा, महाशाखा तथा प्रादेशिक प्रसारण कार्यालय, प्रसारण केन्द्रहरूमा रहेका जनशक्तिहरूको विषयगत सीप अभिवृद्धिका लागि कार्य योजना बनाई तालिम तालिका तय गरी स्वीकृत गराई तालिम सञ्चालनको व्यवस्था मिलाउने ।
- समितिका कर्मचारी/पदाधिकारीहरूको क्षमता विकास सम्बन्धि उच्च शिक्षा अध्ययन वा तालिममा सहभागि हुने विषयमा व्यवस्थापन समक्ष प्रकृया सहित राय उपलब्ध गराउने ।
- रेडियो प्रसारण तथा प्रसारण पत्रकारिताका विविध विषयमा खोज अध्ययन सोध, प्रवर्धनात्मक तथा अवलोकन भ्रमण सम्बन्धि कार्यलाई प्रक्रियामा लैजाने ।
- वैदेशिक भ्रमणको सिफारिश तथा मनोनयनका आधार तथा प्रक्रियाहरूका सम्बन्धमा समितिको कर्मचारी सेवा शर्त नियमावली/निर्देशिकाहरूमा भएको व्यवस्था सहित व्यवस्थापनलाई राय उपलब्ध गराउने ।
- समितिलाई हरेक आ.व.मा आवश्यक पर्ने विषयगत आन्तरिक तथा वैदेशिक तालिमहरूको योजना निर्माण गर्ने ।

- रेडियो नेपाल र अन्तराष्ट्रिय संघ संस्था र निकायसँग बीचको दुई पक्षीय सम्बन्धमा रेडियो नेपालको प्रतिनिधित्व गर्ने विषय तथा वार्ता, सभा, सम्मेलन वा बैठकमा भागलिने विषयमा व्यवस्थापनलाई राय/ परामर्श उपलब्ध गराउने ।
- समितिलाई आवश्यक पर्ने प्राविधिक तथा अन्य समाचार/ कार्यक्रम/प्रसाशन/लेखा/व्यापार सम्बन्धी आवश्यक तालिम/ गोष्ठी/अन्तरक्रियाका सम्बन्धमा अन्तरक्रिया गरी हरेक वर्ष समितिको वार्षिक बजेट प्रस्ताब हुनु अघि सबै प्रादेशिक कार्यालय/प्रसारण केन्द्र र हरेक महाशाखाहरूसँग समन्वय गरी वार्षिक तालिम कार्य योजना व्यवस्थापन समक्ष पेश गर्ने ।
- रेडियो नेपालका जनशक्तीहरूलाई समय सापेक्ष नयाँ प्रविधि सम्बन्धी तालिमका लागि अन्तराष्ट्रिय संघ संस्थाहरूसँग समन्वय गरी तालिममा सहभागिता हुने व्यवस्थापन मिलाउने ।
- महाशाखा अन्तर्गत कार्यरत कर्मचारीहरुको खटन पटन गर्ने र सोको जानकारी नायव कार्यकारी निर्देशकलाई गराउने।
- समयानुसार थप घट भएका महाशाखासँग सम्बन्धित अन्य कार्यहरू गर्ने/गराउने ।

**इन्जियरिङ्ग योजना, विकास तथा विस्तारः**

- रेडियो नेपाललाई आवश्यक अल्पकालीन तथा दीर्घकालीन योजनाहरु प्रस्ताव गरी समयानुकुल रुपमा सिफारिश गर्ने।
- समितिको सबै प्रकारको उपकरणहरुको सुदृढिकरण, संरक्षण तथा मर्मत सम्भारको अनुगमन गर्ने र स्वीकृत योजना/कार्यक्रम कार्यान्वयन गर्ने, गराउने ।
- विभिन्न निकायहरुबाट माग भई आएको योजना/कार्य योजनाहरुको प्रस्ताव तयार गर्ने ।
- शाखा/महाशाखाबाट प्राप्त विकास, विस्तार योजनाहरु अध्ययन गरी वार्षिक कार्य योजनाको खाका तयार गर्ने र सिफारिश गर्ने ।
- योजना, विकास र विस्तार सम्बन्धी योजना र कार्यक्रम कार्यान्वयनका लागि नायव कार्यकारी निर्देशक समक्ष पेश गर्ने।
- फ्रिक्वेन्सी सम्बन्धी कारवाही गर्ने, गर्न निर्देशन दिने ।
- महाशाखा अन्तर्गत कार्यरत कर्मचारीहरुको खटन पटन गर्ने र सोको जानकारी नायव कार्यकारी निर्देशकलाई गराउने।
- समयानुसार थप घट भएका महाशाखासँग सम्बन्धित अन्य कार्यहरू गर्ने/गराउने ।
- बार्षिक/अर्धबार्षिक/त्रैमासिक/मासिक प्रगति प्रतिवेदन तयार पार्ने र समिक्षा गर्ने।

**कार्यक्रम महाशाखा**

- महाशाखाको दैनिक कार्यलाई चूस्त, दूरुस्त, छिटो छरितो बनाउँदै महाशाखा अन्तर्गतका शाखाहरबाट सम्पादन हुने कार्यहरुको निरिक्षण, अनुगमन र मूल्याङ्कन गर्ने र आवश्यक निर्देशन प्रदान गर्ने तथा कार्यक्रम प्रसारण कार्यलाई व्यवस्थित गर्ने ।
- कार्यक्रमहरुलाई समय सापेक्ष ढंगले परिमार्जन गर्दै जनचासोका विषयवस्तुहरूमा आधारित कार्यक्रमहरु निर्माण गर्ने तर्फ योजना गर्ने, गराउने ।
- व्यापार महाशाखासँग समन्वय गरी महाशाखाबाट उत्पादित कार्यक्रमहरुलाई प्रायोजन गराउने तर्फ पहल गर्ने एवं प्रायोजकको माग अनुसारका कार्यक्रमहरु निर्माण गर्ने, गराउने ।
- ईन्जिनियरिङ्ग तथा समाचार महाशाखासँग समन्वय र सहकार्यको अवधारणा लिई कार्यक्रमहरुलाई रोचक, रुचीकर तथा प्राविधिक दृष्टिकोणबाट समेत अब्बल बनाउन आवश्यक पहल गर्ने ।
- कार्यक्रमको सुधार, जनशक्ति परिचालन, तालिम प्रशिक्षण आदिका सम्बन्धमा योजना निर्माण गर्ने ।
- वाह्य संस्थाबाट प्राप्त कार्यक्रमहरुको स्तरियता रेडियो कार्यक्रमको मापदण्ड बमोजिम भए नभएको अनुगमन गर्ने र नभएमा सो अनुरुप बनाउन सम्बन्धित संस्थाहरुसँग समन्वय गर्ने ।
- महाशाखाबाट गरिने विभिन्न क्रियाकलापहरुको मासिक, वार्षिक क्यालेण्डर निर्माण गर्ने, गराउने ।
- मातहतका शाखाका कर्मचारीहरुलाई आआफ्नो काम प्रति अनुशासित, लगनशील एवं उत्तरदायि बन्न अभिप्रेरित गर्ने।

- काम प्रति लगनशील र अनूशासित कर्मचारीहरुलाई प्रोत्साहित गर्न पुरस्कार प्रदान गर्न तथा काम प्रति अनुत्तरदायि रहने, उदासिनता र अमर्यादित व्यवहार प्रदर्शन गर्ने कर्मचारीलाई नियमानूसार दण्ड सजाय गर्नू पर्ने भएमा कारवाहीका लागि सिफारिश गर्ने ।
- मातहतका शाखाबाट पेश गरिने सम्पुर्ण कागजातहरु आवश्यक प्रक्रिया सहित महाशाखा मार्फत पेश गर्ने, गराउने।
- महाशाखा अन्तर्गत कार्यरत कर्मचारीहरुको खटन पटन गर्ने र सोको जानकारी नायव कार्यकारी निर्देशकलाई गराउने।
- समयानुसार थप घट भएका महाशाखासँग सम्बन्धित अन्य कार्यहरू गर्ने/गराउने ।

**समाचार महाशाखा**

- प्रादेशिक प्रसारण कार्यालयहरुको अनुगमन एवं सुपरिवेक्षण कार्य गर्ने र ती केन्द्रहरुको समाचार तथा समाचार मूलक कार्यक्रमहरु समयानुकुल हुने गरी उत्पादन/प्रसारण गर्न निर्देशन दिने ।
- समाचार तथा समाचारमूलक कार्यक्रमहरुलाई समय सापेक्ष ढंगले वढि खोजमूलक रुचिकर एवं प्रतिस्पर्धात्मक वनाउन आवश्यक निति एवं योजना तयार गर्न लगाउने र त्यसको मुल्याङ्कन तथा सुपरिवेक्षण गर्ने ।
- प्रसारित समाचारहरुको प्रभावकारीता मुल्याङ्कन गरी आवश्यक परेमा परिमार्जन गर्न आवश्यक निर्देशन दिने ।
- समाचार र समाचारसँग सम्वन्धित कार्यक्रमहरुको स्तर अभिवृद्धिका लागि रणनितिक योजना निर्माण गर्ने ।
- विद्यमान प्रसारण निर्देशिका अनुरुप समाचार निर्माण तथा प्रसारणका लागि निर्देशन दिने ।
- समाचार र समाचारमूलक कार्यक्रलाई वर्तमान परिप्रेक्षेमा वढि समसामयिक, खोजमूलक, रुचिकर एवं प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने तथा कार्यान्वियन गराउने ।
- रेडियो नेपालबाट प्रसारण हुने समाचार तथा समाचारमूलक एवं सूचनामूलक कार्यक्रमहरुको सुधार र विकासको लागि अल्पकालीन र दिर्घकालीन योजना तयार गरी कार्यान्वियन गर्ने गराउने ।
- महाशाखा अन्तर्गत कार्यरत कर्मचारीहरुको खटन पटन गर्ने र सोको जानकारी नायव कार्यकारी निर्देशकलाई गराउने।
- समयानुसार थप घट भएका महाशाखासँग सम्बन्धित अन्य कार्यहरू गर्ने/गराउने ।

**ब्यापार महाशाखाः**

- समितिको व्यापार अभिवृद्धिका लागि आवश्यक नीति, रणनीति र योजना तर्जुमा गर्ने र गर्न लगाउने ।
- वार्षिक लक्ष्य निर्धारण गर्न लगाउने र सो अनुसार कार्य प्रगति भए नभएको अनुगमन गरी प्रमुख प्रसाशकीय अधिकृत समक्ष विवरण पेश गर्ने ।
- विज्ञापनदाताहरुको राय, सुझाव वा माग वमोजिमका कार्यक्रमहरु निर्माण गर्नु परेको अवस्थामा समन्वयकारी भुमिका निर्वाह गर्ने ।
- व्यापार अभिवृद्धिका लागि विज्ञापनदाताहरुसँग परामर्श, छलफल गर्ने तथा सम्बन्ध विस्तारका लागि आवश्यक पहल गर्ने ।
- मातहतका शाखा महाशाखाको कार्यक्षेत्र, जिम्मेवारी, प्रभावकारीता, जनशक्ति व्यवस्थापन र अधिकार प्रत्यायोजन आदि विषयमा समय समयमा निरिक्षण, अनुगमन, अध्ययन र अनुसन्धान गरी प्राप्त निष्कर्षको आधारमा ती क्षेत्रमा सुधार गर्ने।
- महाशाखा अन्तर्गत कार्यरत कर्मचारीहरुको खटन पटन गर्ने र सोको जानकारी नायव कार्यकारी निर्देशकलाई गराउने।
- समयानुसार थप घट भएका महाशाखासँग सम्बन्धित अन्य कार्यहरू गर्ने/गराउने ।

**आर्थिक महाशाखाः**

- समितिको बैंक खाताहरु संचालन गर्ने, महाशाखा अन्तरगतका शाखाहरुबाट सम्पादित कार्यहरुको समन्वय, रेखदेख, निर्देशन, अनूगमन एवं मूल्याङ्कन गरी चूस्त अनुशासित व्यवस्थापन प्रणालीको अवलम्वन गर्ने/ गराउने।
- सबै महाशाखा, शाखाका साथै प्रादेशिक प्रसारण कार्यालय र केन्द्रहरुसंग समन्वय गरी आर्थिक प्रशासनको कार्यलाई दूरुस्त प्रभावकारी र व्यवस्थित गर्ने/गर्न लगाउने ।

- समितिको वार्षिक वजेट निमार्ण गर्ने तथा त्यस्को कार्यान्वयन गर्ने गराउने ।
- समितिको खाता रहेको वैंकहरुको वैंक खाता Reconciliation गर्ने र खाताहरु संचालन प्रक्रियाका लागि आवश्यक व्यवस्था गर्ने ।
- समितिको सम्पुर्ण आर्थिक कारोवारको आवश्यक व्यवस्थापन, सिफारिस तथा राय उपलव्ध गराउने र आर्थिक कार्य संचालनको व्यवस्था मिलाउने ।
- समितिको लेखा परिक्षण (आन्तरिक तथा बाह्य) समयमै गराउने व्यवस्था गर्ने, वेरुजू फछ्र्यौट गर्ने⁄ गराउने ।
- समितिसंग व्यापारिक कारोवार गरेका र गर्ने सरकारी कार्यालय, संघ, संस्था, विज्ञापन एजेन्सी आदि सवैबाट असूल उपर गर्नु पर्ने रकम समयमै असूल गर्ने⁄गराउने ।
- प्रत्येक ३⁄३ महिनामा समितिको आय व्यय विवरण तयार पार्ने ।
- विभिन्न कार्यालय, संस्था, विज्ञापन एजेन्सीसँग भएको आर्थिक कारोवारको विवरण दुरुस्त र पारदर्शि राख्ने⁄राख्न लगाउने।
- भूक्तानि प्राप्त भई असूल भएको रकम समितिको नाममा रहेका वैंकहरुमा नियमानुसार यथाशिघ्र दाखिला गर्ने व्यवस्था गराउने एवं त्यसको अनुगमन गर्ने ।
- समितिको आर्थिक कारोवार प्रक्रियालाई स्वच्छ, पारदर्शी, सुव्यवस्थित र मर्यादित बनाउने कार्यलाई विशेष प्राथमिकता दिई कार्यान्वयनका लागि निर्देशन दिने र त्यसको अनुगमन गर्ने ।
- समितिको आर्थिक नियमावलीले निर्देशन गरेका आर्थिक नियम र प्रचलित ऐन नियमको पालना गर्ने⁄गराउने ।
- महाशाखा अन्तर्गत कार्यरत कर्मचारीहरुको खटन पटन गर्ने र सोको जानकारी नायव कार्यकारी निर्देशकलाई गराउने।
- समयानुसार थप घट भएका महाशाखासँग सम्बन्धित अन्य कार्यहरू गर्ने/गराउने ।

**प्रशासन महाशाखाः**

- समितिको केन्द्रीय एवं प्रादेशिक प्रसारण कार्यालय र केन्द्रहरुको जनशक्ति निर्धारण गर्ने, उपयूक्त जनशक्ति विकासको लागि आवश्यक दरबन्दी विवरण तयार गर्ने तथा नपुग जनशक्ति विवरण तयार गरी औचित्य सहित स्वीकृतिका लागि प्रकृया अघि बढाउन पेश गर्ने, ।
- समितिको केन्द्रीय तथा प्रादेशिक प्रसारण कार्यालय र केन्द्रहरुका विभिन्न गतिविधि अनुगमन गर्ने एवं प्रसारण र जनशक्ति विकास सम्बन्धमा आवश्यक सुधार गर्नका लागि पेश गर्ने ।
- समितिको नियमानूसार सरुवा, बढुवा, पुरस्कार तथा विभागिय कारवाहीका लागि नियमानुसार प्रकृया अवलम्बन गर्ने।
- समितिका कर्मचारीको तर्फबाट व्यवस्थापन समक्ष परेका उजूरीमाथि आवश्यक छानबीन गर्ने⁄गराउने तथा सो को प्रतिवेदन पेश गर्ने ।
- समितिको केन्द्रीय वा अन्तर्गतका कार्यालयहरुमा कार्यरत सवै कर्मचारीहरुको व्यक्तिगत विवरण एवं दरबन्दी अभिलेख अद्यावधिक राख्ने⁄राख्न लगाउने ।
- समितिको भौतिक साधनहरुको समय समयमा सम्पति निरिक्षण गराई अद्यावधिक राख्ने तथा सवारी साधनहरु मितव्ययी ढंगबाट संचालन गर्न लगाउने व्यवस्था मिलाउने ।
- पदपुर्ति समितिको सचिवलाय सम्बन्धी कार्यहरु गर्ने⁄गर्न लगाउने ।
- स्वदेशी तथा विदेशी तालीम, सेमिनार आदिमा कर्मचारीको मनोनयन सम्बन्धी कारवाही चलाउने र निर्णय अनुसार कार्यान्वयन गर्ने⁄गराउने ।
- महाशाखा अन्तर्गत कार्यरत कर्मचारीहरुको खटन पटन गर्ने र सोको जानकारी नायव कार्यकारी निर्देशकलाई गराउने।
- समयानुसार थप घट भएका महाशाखासँग सम्बन्धित अन्य कार्यहरू गर्ने/गराउने ।

**प्रादेशिक प्रसारण कार्यालयः**

- कार्यालयको दैनिक प्रशासनिक, आर्थिक कार्य लगायत प्रसारण, कार्यक्रम उत्पादन र समाचार सम्बन्धी सबै कार्यहरु सुचारु गर्ने, गराउने ।
- मातहतका कर्मचारीहरुबाट सम्पादित कार्यहरुको समन्वय, रेखदेख, निर्देशन, अनुगमन एवं मुल्याङ्कन गरी चुस्त अनुशासित व्यवस्थापन प्रणाली अवलम्बन गर्ने, गराउने ।

- केन्द्रीय कार्यालय, महाशाखाहरुका साथै अन्य प्रादेशिक प्रसारण कार्यालय र प्रादेशिक प्रसारण केन्द्रहरुसँग समन्वय गरी आफ्नो कार्यालयको सबै कार्यलाई दुरुस्त, प्रभावकारी र व्यवस्थित गर्ने, गराउने ।
- आफ्नो कार्यालयको वार्षिक बजेट निर्माण गर्ने र केन्द्रबाट स्वीकृती लिई त्यसको कार्यान्वयन गर्ने, गराउने ।
- कार्यक्रम तथा समाचार उत्पादन प्रसारण कार्यलाई समय सापेक्ष एवं व्यवसायिक बनाउन आवश्यक रणनीति निर्माण गरी तत् विषयमा केन्द्रसँग परामर्श गर्ने ।
- प्रत्येक ३/३ महिनामा कार्यालयको आय व्ययका साथै प्रशासनिक एवं कार्यक्रम तथा समाचार उत्पादन प्रसारण सम्बन्धी विवरण तयार पारी कार्यकारी निर्देशक र प्रादेशिक प्रसारण कार्यालय हेर्ने जिम्मेवारी प्राप्त नायब कार्यकारी निर्देशक समक्ष पेश गर्ने ।
- आफ्नो काम कुशलतापूर्वक सम्पन्न गरेका मातहतका कर्मचारीलाई प्रोत्साहित गर्ने तथा जिम्मेवारी बहन नगर्ने र अनुशासनहिन काम गर्ने कर्मचारीलाई रेडियो प्रसार सेवा विकास समिति कर्मचारी सेवा शर्त नियमावली २०५७ (संशोधन सहित) बमोजिम कारवाही गर्ने ।
- कार्यालयसँग व्यापारीक कारोबार गरेका र गर्ने सरकारी कार्यालय, संघ संस्था, विज्ञापन एजेन्सी आदि सबैबाट असुल उपर गर्नु पर्ने रकम समयमै असुल गर्ने, गराउने ।
- विभिन्न कार्यालय, संस्था, विज्ञापन एजेन्सीसँग भएको आर्थिक कारोबारको विवरण दुरुस्त र पारदर्शी राख्ने, राख्न लगाउने।
- भुक्तानी प्राप्त भई असुल भएको रकम कार्यालयको नाममा रहेका बैंकहरुमा नियमानुसार तत्काल दाखिला गर्ने व्यवस्था गराउने एवं त्यसको अनुगमन गर्ने ।
- समितिको आर्थिक नियमावलीले निर्देशित गरेका आर्थिक नियमहरु र प्रचलित ऐन नियमको पालना गर्ने, गराउने ।
- प्रमुख प्रसाशकीय अधिकृत र प्रादेशिक प्रसारण कार्यालय हेर्ने जिम्मेवारी प्राप्त नायब कार्यकारी निर्देशकको निर्देशन पालना गर्ने, गराउने ।
- केन्द्रीय कार्यालयबाट समय समयमा निर्देश भएका सम्बन्धीत अन्य कार्यहरू गर्ने गराउने ।

**प्रसारण केन्द्रः**

- कार्यालयको दैनिक प्रशासनिक, आर्थिक कार्य लगायत प्रसारण, सम्बन्धी सबै कार्यहरु सुचारु गर्ने, गराउने ।
- मातहतका कर्मचारीहरुबाट सम्पादित कार्यहरुको समन्वय, रेखदेख, निर्देशन, अनुगमन एवं मुल्याङ्कन गरी चुस्त अनुशासित व्यवस्थापन प्रणाली अवलम्बन गर्ने, गराउने ।
- केन्द्रीय कार्यालय, महाशाखाहरुका साथै अन्य प्रादेशिक प्रसारण केन्द्रहरुसँग समन्वय गरी आफ्नो कार्यालयको सबै कार्यलाई दुरुस्त, प्रभावकारी र व्यवस्थित गर्ने, गराउने ।
- आफ्नो कार्यालयको वार्षिक बजेट निर्माण गर्ने र केन्द्रबाट स्वीकृती लिई त्यसको कार्यान्वयन गर्ने, गराउने ।
- प्रत्येक ३/३ महिनामा कार्यालयको आय व्ययका साथै प्रशासनिक एवं प्रसारण सम्बन्धी विवरण तयार पारी प्रमुख प्रसाशकीय अधिकृत र प्रादेशिक प्रसारण केन्द्र हेर्ने जिम्मेवारी प्राप्त नायब कार्यकारी निर्देशक समक्ष पेश गर्ने ।
- आफ्नो काम कुशलतापूर्वक सम्पन्न गरेका मातहतका कर्मचारीलाई प्रोत्साहित गर्ने तथा जिम्मेवारी बहन नगर्ने र अनुशासनहिन काम गर्ने कर्मचारीलाई रेडियो प्रसार सेवा विकास समिति कर्मचारी सेवा शर्त नियमावली २०५७ (संशोधन सहित) बमोजिम कारवाही गर्ने ।
- समितिको आर्थिक नियमावलीले निर्देशित गरेका आर्थिक नियमहरु र प्रचलित ऐन नियमको पालना गर्ने, गराउने ।
- प्रमुख प्रसाशकीय अधिकृत र प्रादेशिक प्रसारण केन्द्र हेर्ने जिम्मेवारी प्राप्त नायब कार्यकारी निर्देशकको निर्देशन पालना गर्ने, गराउने ।

## १.६ नागरिक वडापत्र

### १. कार्यक्रम महाशाखा (सम्पर्क फोनः- ४२११५८२)

**(क) कार्यक्रम तर्फ**

- आफूले प्राप्त गरेको ज्ञानमा आधारित रहेर कुनै रचना नाटक रेडियो नेपाल मार्फत प्रसार गराउन निवन्ध, कविता इच्छुक स्रष्टाले त्यस्तो सामग्री कागजको एकापट्टि मात्र हस्तलिखित वा कम्प्युटर टाइप गरेर कार्यक्रम महाशाखामा पेश गर्नुपर्नेछ।
- उपलब्ध सामग्री प्रसार गर्ने नगर्ने, काँटछाँट र सम्पादन गर्ने सम्पूर्ण अधिकार रेडियो नेपालसँग सुरक्षित रहनेछ।
- प्राप्त सामग्री ३० दिनसम्म प्रसार नभएमा स्वतः अस्वीकृत भएको मान्नुपर्नेछ। अस्वीकृत रचना फिर्ता गरिने छैन।
- सेवाग्राहीले आफ्नो इच्छाले प्रसारणका लागि उपलब्ध गराएको सामग्रीको पारिश्रमिक प्रदान गर्ने, नगर्ने सम्पूर्ण अधिकार रेडियो नेपालमा निहित रहनेछ तर रेडियो नेपालले अनुरोध गरी प्राप्त गरेको लेख, रचना, कथा, कविता, निवन्ध र नाटकको पारिश्रमिक कार्यक्रम महाशाखाले नियमानुसार उपलब्ध गराउनेछ। साथै पारिश्रमिक प्रदान गरिएको अवस्थामा करार पत्रमा उल्लेख शर्त लागू हुनेछ।
- कार्यक्रम संचालन गर्न चाहने नयाँ संचालकका हकमा रेडियो नेपालले लिने स्वर परीक्षा उत्तीर्ण गर्नुपर्नेछ तर स्वर परीक्षा उत्तीर्ण गर्ने सबैलाई कार्यक्रम संचालन गर्न दिन रेडियो नेपाल बाध्य हुनेछैन।
- कार्यक्रमसँग सम्बन्धित थप विषयको जानकारी चाहियमा कार्यक्रम महाशाखासँग सम्पर्क राख्न सकिनेछ।
- रेडियो नेपालबाट प्रसारित कार्यक्रमहरू रेडियो नेपालको वेबसाइट radionepal.gov.np बाट डाउनलोड गरेर पनि सुन्न सकिने छ। न्यूज पोर्टल onlineradionepal.gov.np साथै radio Nepal App, Facebook live मार्फत पनि सुन्न सकिने छ।

**(ख) संगीत तर्फ (सम्पर्क फोनः- ४२११८५०)**

**स्वर परीक्षा तथा गीत रेकर्डिङ सम्बन्धमा**

- रेडियो नेपालले गीत सङ्गीतको विभिन्न विधामा वर्षको एकपटक स्वर परीक्षा संचालन गर्न सक्नेछ।
- स्वर परीक्षा दिन चाहनेले आवेदन फारम मार्फत रू. ५००/- र परीक्षा दस्तुर बापत रू. २५/- शुल्क बुझाउनु पर्नेछ ।
- स्वर परीक्षामा उत्तीर्ण हुनेलाई गीत रेकर्ड गराउने सुविधा उपलब्ध गराउन रेडियो नेपाल बाध्य हुनेछैन।
- रेडियो नेपालले आफ्नो आवश्यकता अनुरूप समय समयमा विभिन्न खाले नेपाली गीत सङ्गीत र भजनहरू रेकर्ड गराउन सक्नेछ।

**कलाकार सिफारिस पत्र सम्बन्धमाः**

- रेडियो नेपालबाहिर रेकर्ड गरिएका साङ्गीतिक रचनाहरू रेडियो नेपालबाट प्रसारण गर्नका लागि सम्बन्धित स्रष्टाले दुई प्रति सी. डी. सहित आवेदन दिई टेप लाइब्रेरीमा दर्ता गराउनु पर्नेछ ।
- गायक/गायिका, गीतकार, सङ्गीतकारले कुनै पनि विधामा सिफारिस पत्र लिनको लागि निजले गाएको, रचना गरेको र सङ्गीत गरेको कम्तिमा १०/१० वटा गीत रेडियो नेपालको टेप लाइब्रेरीमा दर्ता भएको हुनुपर्नेछ र १ भन्दा बढी विधामा एउटै व्यक्तिले सिफारिस लिन चाहेमा प्रत्येक विधामा १० वटा गीत हुनुपर्नेछ। गीत दर्ता गरेको मितिले ३५ दिन पछि मात्र सिफारिसका लागि निवेदन गर्नुपर्नेछ।
- सिफारिस पत्र माग गर्दा निवेदकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साईजको एकप्रति फोटो पेश गर्नुपर्नेछ।
- आवेदन फारम बापत रू. ५०/- र सिफारिस पत्र बापत रू. २५००/- सहित रू. २५५०/- (पच्चिस सय पचास) शुल्क लाग्नेछ ।
- गायक/गायिका, गीतकार, सङ्गीतकारको नागरिकतामा उल्लेख भएको भन्दा फरक नाम भएमा दुवै नाम भएको व्यक्ति एकै हो भनि सम्बन्धित कार्यालयबाट प्रमाणित गरेको कागजातको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।
- कलाकारले लिएको सिफारिस पत्र कुनै कारणले पुनः लिन चाहेमा पूर्ववत् शुल्क रू. २५५०/- (पच्चिस सय पचास) नै लाग्ने छ ।

- शास्त्रीय सङ्गीतको गायन तथा सुरवादनको हकमा भने शास्त्रीय सङ्गीतको ५ वटा कार्यक्रममा संलग्न भएको हुनुपर्ने र वाद्यवादकको हकमा रेडियो नेपालमै रेकर्ड भएका २५ वटा गीतमा बाजा बजाएको सङ्गीत शाखाबाट प्रमाणित भई आएमा मात्र सिफारिस पत्र उपलब्ध गराइनेछ।
- रेडियो नेपालबाट लिइने गीत सङ्गीत तर्फको स्वर परीक्षा वर्षमा एकपटक संचालन गरिनेछ साथै यसका लागि आवश्यक सूचना प्रसारण/प्रकाशन गरिनेछ ।

<u>**कलाकार श्रेणी वृद्धि सम्बन्धमाः**</u>

- समय समयमा गरिने गीत सङ्गीतको कलाकार तर्फको श्रेणी वृद्धिका हकमा श्रेणी वृद्धि गराउन इच्छुक कलाकारले रेडियो नेपालले निर्धारण गरेको मापदण्ड पार गरेको हुनुपर्नेछ।
- श्रेणी वृद्धि गर्ने नगर्ने भन्ने निर्णय रेडियो नेपालमा निर्भर रहनेछ र श्रेणी वृद्धि सम्बन्धी कार्य वर्षमा एक पटक मात्र हुनेछ।
- रेडियो नेपालले समय समयमा सङ्गीत प्रशिक्षण संचालन गर्नेछ। सङ्गीत प्रशिक्षणबारे सङ्गीत शाखाबाट जानकारी लिन सकिनेछ।
- सङ्गीतको विषयमा थप जानकारी चाहिएमा उप निर्देशक ताराप्रसाद वस्ती र मुख्य संगीत संयोजक टेक बहादुर ऐरसँग सम्पर्क राख्न सकिनेछ।

**२. प्रशासन तर्फः**

- रेडियो नेपाल अवलोकन गर्न आउने विभिन्न संघ/संस्था/विद्यालय/क्याम्पस आदिको लागि २५ जना सम्मको समूहलाई रू. १५००/- र सो भन्दा वढी ५० जना सम्मको समूहलाई रू. १०००/- अवलोकन शुल्क लाग्नेछ ।
- रेडियो नेपालका विभिन्न शाखा/महाशाखा अन्तर्गत रही Internship गर्न आउने विद्यार्थीहरूका लागि ३ महिना सम्मका लागि प्रति विद्यार्थी रू. २०००/- Internship शुल्क लाग्नेछ। ३ महिना भन्दा बढी अवधि ६ महिना सम्मका लागि प्रति विद्यार्थी रू. ४०००/- Internship शुल्क लाग्ने छ।

**३. समाचार महाशाखा (सम्पर्क फोनः- ४२११६४९)**

- रेडियो नेपालबाट प्रसारित समाचारहरू रेडियो नेपालको वेबसाइटबाट डाउनलोड गरेर पनि सुन्न सकिने छ।
- कुनै संघ संस्थाले सार्वजनिक महत्वका आफ्ना गतिविधि समाचारका रूपमा रेडियो नेपालबाट प्रसारण गराउन चाहेमा रेडियो नेपालको समाचार महाशाखा वा समाचारमूलक शाखामा सम्पर्क राख्नुपर्नेछ । त्यसका लागि (रिपोर्टिङ) समाचार महाशाखाको फोन नं. ०१-४२११६४९ वा रिपोर्टिङ शाखाको फोन नं. ०१-४२११६९१ वा ईमेल radionepalnews@gmail.com वा news@radionepal.gov.np मार्फत सम्पर्क गर्न सकिनेछ। वा फ्याक्स मार्फत पनि पठाउन सकिनेछ।
- यसरी प्राप्त भएका संघ संस्थाका गतिविधिको आवश्यकता, सान्दर्भिकता र महत्वका आधारमा समाचार बनाउने वा नवनाउने भन्ने अधिकार रेडियो नेपालमा निहित रहनेछ।
- यदि कसैलाई कुनै पनि सार्वजनिक र राष्ट्रिय महत्वका विषयमा आफ्नो धारणा रेकर्ड गर्नुपर्ने आवश्यकता महसुस भएमा रिपोर्टिङ्ग शाखामा सम्पर्क राख्नु पर्नेछ।

**४. व्यापार महाशाखा (सम्पर्क फोनः- ४२११८९६/४२११९२१)**

- आफ्नो उत्पादनहरूको जानकारी वा सूचना विज्ञापन मार्फत गराउन चाहने जो कोहीले रेडियो नेपालले निर्धारण गरेका विज्ञापन दररेट विज्ञापन नीति/व्यापार निर्देशिकाको अधिनमा रही त्यस्तो कार्य गर्न गराउन सक्नेछ ।
- विज्ञापन दररेट विज्ञापन नीति व्यापार निर्देशिका सम्बन्धी जानकारी व्यापार महाशाखामा सम्पर्क राखेर वा रेडियो नेपालको वेबसाइटमा हेर्न सकिनेछ।

- १६ वर्षभन्दा कम उमेरका बालबालिका र ६० बर्षभन्दा माथिका वृद्ध वृद्धाका साथै मानसिक स्थिति सन्तुलित नभएका असहाय, असक्त र अनाथ मानिसहरू हराएको सूचना निःशुल्क प्रसार गरिनेछ ।
- उल्लेखित अवस्था बाहेकका हकमा मानिस हराएको सूचना प्रसार गर्दा एक पटकमा रू. ४००/- प्रसारण शुल्क बुझाउनु पर्नेछ।
- व्यापार महाशाखाका बारेमा थप जानकारी चाहिएमा मुख्य व्यापार अधिकृत श्री पियुस कुमार श्रेष्ठसँग सम्पर्क राख्न सकिनेछ।

**अन्यः**

- उल्लेखित विभिन्न शीर्षकमा रेडियो नेपाललाई बुझाउनुपर्ने शुल्कहरू आय शाखामा बुझाई रसिद प्राप्त गर्न सकिनेछ।
- रेडियो नेपालले लेख, रचना, गीत, सङ्गीत आदि बापत करार पत्र मार्फत प्रदान गर्ने रकमको भुक्तानी लेखा शाखाबाट प्राप्त गर्न सकिनेछ।
- रेडियो नेपाल सम्बन्धी जनगुनासो सम्बन्धमा उपनिर्देशक श्री बद्रिविशाल तन्डुकारसँग सम्पर्क राख्न सकिनेछ।
- रेडियो नेपालका प्रादेशिक प्रसारण कार्यालय वा प्रसारण केन्द्रको हकमा सम्बन्धीत कार्यालय प्रमुखसँग सम्पर्क राख्न सकिनेछ।
- रेडियो नेपालको बारेमा सुझाव गुनासो वा प्रतिक्रिया दिनुपरेमा पैसा लाग्ने टेलिफोन नं. ४२११९२१ मा सम्पर्क राख्न सकिनेछ ।

**अन्य सम्पर्क फोनः**

कार्यकारी अध्यक्ष, सचिवालय- ४२११९१०

प्रवक्ता एवं सूचना अधिकारीः-

नि. नायव कार्यकारी निर्देशक, पुष्कर राज गौतम् फ्याक्सः-०१-४२११९५२

सम्पर्कः ०१-४२११९२३ (**कार्यालय**) ९७६११३९८८२ (मोबाइल)

इमेलः rne@radionepal.gov.np इमेलः info@radionepal.gov.np

गुनासो सुन्ने अधिकारीः- उपनिर्देशक, बद्रि विशाल तण्डुकार

सम्पर्कः नं. ९८४१२९८११५ (मोबाइल)

Website: www.radionepal.gov.np

**रेडियो नेपालको फ्रिक्वेन्सीः**

मिडियम वेभः ६४८ धरान/ धनकुटा ७९२ काठमाडौं, ११४३ बर्दिबास, ६८४ पोखरा, ५७६ सुर्खेत र दिपायल ८१० किलोहर्जमा त्यसैगरी एफएम, ९८ मेघाहर्जमा दार्चुला, गोरखा र दाङ एफ.एम., पत्तालेडाडाँ सोलुखुम्बु, सिलौटे डाडा पाँचथर, १०० मेघाहर्जमा इलाम, रेसुङ्गा, गुल्मी, चौपट्टा दाङ, दाउन्ने, पश्चिम नवलपरासी, पोखरा, दुर्लुङकोट पर्वत, सिमभन्ज्याङ, मकवानपुर, जितपुर बारा, उडितोला डोटी, सुर्खेत, खोड्पे बैतडी, मान्मा, कालिकोट, मुर्माटप मुगु, जुम्ला, हुम्ला, जोमसोम, मुस्ताङ, हर्रे चमेरे सुर्खेत, चरिकोट दोलखा, त्यसैगरी १०३ मेगाहर्जमा सातदोवाटे, रोल्पा जुफाल, डोल्पा, बिरेन्द्रनगर सुर्खेत, हेमन्तवडा बझाङ, दिपायल डोटी, कालाजाग्रा बाजुरा, बगनास कालिका पाल्पा, जन्ति वस्नेलेक रूकुम पश्चिम र बुडितोला कैलालीबाट रेडियो नेपाल सुन्न सकिन्छ।

**१.७ सम्बद्ध ऐन, नियम, नीति, गठन आदेश तथा निर्देशिका, कार्यविधि र अन्य कानूनी व्यवस्थाः-**

**ऐनको सूचिः-**

- सार्वजनिक सेवा प्रसारण ऐन २०८१
- सूचनाको हक सम्बन्धी ऐन २०६४
- रेडियो ऐन २०१४
- राष्ट्रिय प्रसारण ऐन २०४९
- श्रमजिवी पत्रकार ऐन २०५१
- सार्वजनिक खरीद ऐन २०६३
- विकास समिति ऐन २०१३
- आर्थिक कार्यविधि तथा  वित्तीय उत्तरदायित्व ऐन २०७६

**नियमावलीको सूचिः-**

- सार्वजनिक सेवा प्रसारण नियमावली २०८२
- रेडियो प्रसार सेवा विकास समिति कर्मचारी सेवा सर्त नियमावली २०७७
- रेडियो प्रसार सेवा विकास समिति आर्थिक नियमावली २०४९
- सूचनाको हक सम्बन्धी नियमावली २०६५
- राष्ट्रिय प्रसारण नियमावली २०५२ संसोधन सहित
- सार्वजनिक खरीद नियमावली २०६४
- भ्रमण खर्च नियमावली २०६८ संसोधन सहित
- आर्थिक कार्यविधि नियमावली २०६४
- श्रमजिवि पत्रकार सम्बन्धी नियमावली २०५३
- सरकारी सम्पति तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धी कार्यविधी २०७९
- रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) निवृत्तभरण (पेन्सन) कोष स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि -२०८१

**नीति, गठन आदेश तथा निर्देशिका सूची**

- रेडियो प्रसार सेवा विकास समिति गठन आदेश २०४१ संशोधन सहित
- रेडियो नेपालको प्रसारण निर्देशिका र कार्यक्रम तथा समाचार मापदण्ड २०७०
- रेडियो नेपाल संगीत प्रशिक्षण, सम्बर्धन तथा अध्ययन अनुसन्धान निर्देशिका २०७१
- करार सेवा शर्त तथा मापदण्ड सम्बन्धी, सिफ्ट वा बुलेटिन बेशिस र सेवा करार वा ज्यालादारीमा जनशक्ति नियुक्ति निर्देशिका २०७८
- रेडियो नेपाल बैदेशिक भ्रमण व्यवस्थापन आन्तरिक कार्यविधि २०७५
- व्यापार निर्देशिका २०७७
- राष्ट्रिय आमसञ्चार नीति २०७३
- रेडियो नेपाल प्रसारण निर्देशिका तथा शैली पुस्तक २०७९
- रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) को आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका -२०८१

**१.८ सूचनाको हक सम्बन्धी ऐन अनुसार प्रकाशन गरिएको विवरणः** नियमित गरिदै आएको, पछिल्लो अपडेट २०८२।०४।१५ गते गरेको।

**१.९ भावी योजना र कार्यक्रम**

**१.९.१. <u>आ.व. २०८२/८३ को कार्य योजना</u>**

- पिएसबीको  संगठन तथा व्यवस्थापन सर्वेक्षणलाई सम्पन्न गरिनेछ। नयाँ संगठन ढाँचा, दरवन्दी पुनरावलोकन तथा पुनरसंरचना तथा अवकाश योजनाको व्यवस्था गरिनेछ।
- पिएसबीको आर्थिक विनियमावली र प्रशासनिक विनियमावली निर्माण गरी लागु गरिनेछ।
- पिएसबीको लागि आवश्यक अन्य नीति कार्यविधि, मापदण्ड र निर्देशिकाहरू बनाई लागु गरिनेछ ।
- संस्थाको दिगोपनका लागि संस्थालाई नीति, विधि र  प्रविधिमा आधारित आर्थिक र सञ्चालनका हिसाबले दिगो, प्रस्तुति र गुणस्तरका हिसाबले राष्ट्रिय मानक, ज्ञान, सीप र अनुभवका हिसाबले अग्रणी प्रसारण संस्थाका रूपमा विकास गरिनेछ ।
- पिएसबीमा रूपान्तरण भईसकेको वर्तमान सन्दर्भमा यसका प्राथमिकता, सम्भावना र भावी योजनाहरूको प्रष्ट मार्ग चित्र कोर्नका लागि संस्था सञ्चालनका दीर्घकालिन नीति र रणनीतिक योजना तर्जुमा गरी नीतिले निर्दिष्ट गरेबमोजिम संस्था सञ्चालन गरिनेछ ।
- यस आ.व. मा संस्थाले प्रस्ताव गरेका कार्यक्रम उपलब्ध जनशक्ति र कार्यसम्पादनलाई विश्लेषण गर्नका लागि कार्यबोझ विश्लेषण (कार्यबोझ अडिट) गरिनेछ । लोकसेवाको कार्यसम्पादन मूल्याङ्कन  ढाँचाका अतिरिक्त कर्मचारीहरूके कार्यसम्पादनको  वैज्ञानिकरूपमा मूल्याङ्कन  गर्नका लागि कार्यसम्पादन लेखाजोखा (३६० डिग्री) समेत अपनाइने छ ।
- यस वर्ष संस्थामा रहेका हार्डवेयर उपकरण एवं सफ्टवेयर प्रणालीहरूको प्राविधिक परीक्षण (Technical Audit) गरिनेछ । प्राविधिक परिक्षण (Technical Audit) पश्चात दिर्घकालिन योजना तर्जुमा गरी  हार्डवेयर उपकरण एवं सफ्टवेयर प्रणालीको थप प्रभावकारी प्रयोग, विकास र विस्तार सम्बन्धी कार्य गरिनेछ ।
- सार्वजनिक सेवा प्रसारण नेपालले प्रसारण गर्ने विषयवस्तुहरूलाई डिजिटल प्ल्याटफर्मबाट समेत प्रसारण गर्नका लागि आ.व. २०८२/८३ मा पिएसबीको छुट्टै डिजिटल संरचना निर्माण गरी कार्य गरिनेछ ।
- आ.व. २०८२/८३ सार्वजनिक सेवा प्रसारण नेपालको रूपान्तरण वर्ष हुनेछ ।  यस वर्ष पिएसबीले प्रसारण गर्ने विषयवस्तुमा विविधता र प्रविधिमा रूपान्तरणलाई विशेष प्राथमिकता दिइ वजेट विनियोजन गरिएकोछ।

## २. प्रगति

### २.१ विगत पाँच आर्थिक वर्षको वित्तिय विवरण (विनियोजन र खर्च)

| आर्थिक वर्ष | वार्षिक विनियोजन | वार्षिक खर्च | कैफियत |
|---|---|---|---|
| २०७७/७८ | ५७,४७,९४,८००।- | ४७,३४,४८,६०४।७९ | |
| २०७८/७९ | ५४,१४,००,०००।- | ४४,१३,५५,७१४।७२ | |
| २०७९/८० | ६७,२२,३८,५३४।- | ५४३०७७६०५।- | |
| २०८०/८१ | ६९५४२०३५४।- | ५१८१९४८५४।९३ | |
| २०८१/८२ | ७३१८२९६८५।- | ५२,७६,२३,१४९।- | |

### २.२ आ.ब. २०८१/८२ को वार्षिक विनियोजन, खर्च, वित्तीय र भौतिक प्रगति

रू. हजारमा

| क्र. सं. | वार्षिक विनियोजन | वार्षिक खर्च | वित्तीय प्रगति | भौतिक प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| १. | ४०१५३९। | ४००९७८। | ९९.८६ | ७३.८१ | नेपाल सरकारबाट प्राप्त अनुदान |
| २. | १३७७२१। | १२५७४५। | ९१.३० | | रेडियो नेपालको आन्तरिक विनियोजन |
| कुल जम्मा | ५३९२६०। | ५२६७२३। | ९७.६७ | | |

## २.३ आ. ब. २०८१/८२ को मुख्य-मुख्य कार्यक्रम र प्रगति विवरण

| क्र. स. | कार्यक्रम | क्रियाकलाप | उपलब्धि/प्रगति | कैफियत |
|---|---|---|---|---|
| १. | समावेशी प्रसारण | समावेशी सम्बन्धी कार्यक्रम र समाचार विभिन्न २६ भाषामा उत्पादन तथा प्रसारण | क) समावेशी कार्यक्रम उत्पादन तर्फ बैशाख, जेठ र असार महिनामा ५०३ र हालसम्म जम्मा १९३७ वटा कार्यक्रम उत्पादन र प्रसारण भएको। समाचारतर्फ बैशाख, जेठ र असार महिनामा २१९६ र हालसम्म जम्मा ७०९२ वटा समाचार (बुलेटिन) उत्पादन र प्रसारण भएको।<br>ख) समावेशी समाचार र कार्यक्रम उत्पादन र प्रसारणका लागि शेर्पा भाषाको जनशक्ति सिफ्ट बेसिसमा नियुक्ति प्रक्रिया पुरा गरिएको।<br>ग) थप भाषामा समावेशी कार्यक्रम र समाचार प्रसारण गर्ने क्रममा दनुवार र खस भाषामा समाचार प्रसारणको आरम्भ गरिएको।<br>घ) समावेशी प्रसारण अन्तर्गत गण्डकी प्रदेशको पोखरा र बागमती प्रदेशको हेटौडा र सञ्चारग्राम विराटनगरमा समावेशी प्रसारणमा प्रदेश सरकारको भूमिका सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।<br>ङ) समावेशी प्रसारण सामग्री उत्पादन तथा प्रसारण सम्बन्धी ३ दिने तालिम सम्पन्न गरिएको।<br>च) समावेशी प्रसारणका लागि आवश्यक उपकरणहरू खरिद गरी वितरण गरिएको । | |
| २. | तारिणीप्रसाद कोइराला स्मृति सञ्चारग्राम सञ्चालन | कार्यालय सञ्चालन, बिजुली, खानेपानी, टेलिफोन र इन्टरनेट लगायतका सेवा महसुल भुक्तानी र उद्देश्य अनुरूपका क्रियाकलाप सञ्चालन | क) सञ्चारग्राम विराटनगरको संगीत स्टुडियोमा अल्पसंख्यक मुडियारी समुदायको पहिलो भाषिक गीत रेकर्ड गरिएको।<br><br>ख) सञ्चारग्रामको उद्देश्य अनुरूप महानगर एफ.एम. रेडियोको प्रसारण एफ.एम. १०३ मेगाहर्ज निरन्तर रूपमा सञ्चालन गरी सञ्चारग्रामको उद्देश्य अनुरूपका कार्यक्रमहरू सञ्चालनमा ल्याइएको।<br><br>ग) सञ्चारग्राम विराटनगरमा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्रीज्यू, सचिवज्यू, अध्यक्षज्यू, प्रमुख प्रशासकिय अधिकृतज्यू, मन्त्रालयका सहसचिवज्यू लगायतबाट अनुगमन, निरिक्षण र निर्देशन भएको।<br><br>घ) पूर्वीया थारू र राजबंशी भाषाका कार्यक्रम र समाचार सहित सञ्चारग्रामबाट प्रादेशिक प्रसारणको सुरूवात गरिएको।<br><br>ङ) सञ्चारग्राम विराटनगरमा स्टुडियोका लागि UPS को नयाँ ब्याट्री खरिद गरी जडान गरिएको। | |
| ३. | सञ्चार तथा सूचना प्रविधि कार्यक्रम प्रसारण | कार्यक्रम उत्पादन तथा प्रसारण | बैशाख, जेठ र असार महिनामा १४ र हालसम्म जम्मा ५२ वटा कार्यक्रम उत्पादन तथा प्रसारण भएको। | |
| ४. | डिजिटल आर्काइभिङ्ग | नयाँ सिस्टममा डिजिटाइजेसन र मेटाडाटा अपडेट | क) बैशाख, जेठ र असार महिनामा १४६९ र हालसम्म जम्मा ११९७५ वटा अडियो कन्टेन्टलाई आर्काइभ सिस्टममा डिजिटाइज्ड गरिएको। | |

| | | | | |
|---|---|---|---|---|
| | | | ख) डिजिटल आर्काइभका लागि जडित यूपियस मर्मत सम्भार गरी सञ्चालनमा ल्याइएको। | |
| ५. | व्यापार प्रवर्द्धन | विभिन्न निकायहरूसँग द्विपक्षिय सम्झौता सम्पन्न गर्ने। | केन्द्रीय प्रसारण र प्रादेशिक प्रसारण कार्यालयहरूमा गरी विभिन्न निकाय संघ संस्थाहरूसँग कार्यक्रम, सूचना, विज्ञापन प्रसारण तथा उत्पादन र अन्य गरी हालसम्म करिव रू. ७ करोड ७२ लाख रकम बराबरको आम्दानी भएको। | |

## बार्षिक प्रगति विवरण

| क्र. स. | कार्यक्रम | क्रियाकलाप | उपलब्धि/प्रगति | कैफियत |
|---|---|---|---|---|
| ६. | प्रसारण पहुँच विस्तार | ट्रान्समिटर सिष्टम तथा पावर सप्लाई सिस्टम खरिद । | पावर सप्लाई सिस्टम खरिदका लागि आवश्यक उपकरणहरूको स्पेसिफिकेशन स्वीकृत भए अनुसार खरिद कार्य सम्पन्न गरी जडान कार्य सम्पन्न गरिएको। | |
| | | प्रसारण उपकरणको स्पेयर पार्टसउपकरण / खरिद। | प्रसारण उपकरणको स्पेयर पार्टस खरिद भै जडान कार्य सम्पन्न गरिएको। | |
| | | एफ.एम. रिलेकेन्द्र स्थापना तथा स्तरोन्नती। | नयाँ एफ.एम. रिलेकेन्द्र स्थापना गर्न गण्डकी प्रदेशको गोरखामा सम्भाव्यता अध्ययन कार्य सम्पन्न गरी उपकरणहरूको स्पेशिफिकेसन स्वीकृत भए अनुसार उपकरणहरूको खरिद प्रक्रिया सम्पन्न भै उपकरण प्राप्त भएको। गोरखा जिल्लामा नयाँ एफ.एम. स्टेशन स्थापना भै प्रसारण सुरू गरिएको। बर्दिबास, भेडेटार, दोलखा र रूकुम पश्चिम एफ.एम. को प्रसारण एन्टेना मर्मत सम्भार गरिएको। | |
| | | प्रसारण निरन्तरताका लागि (आवश्यक ब्याकअप उपकरण जस्तै सोलार सिष्टम, जेनेरेटर लगायतका) उपकरण खरिद। | प्रसारण निरन्तरताका लागि (आवश्यक ब्याकअप उपकरण जस्तै सोलार सिष्टम, जेनेरेटर लगायतका) प्रादेशिक प्रसारण कार्यालय बर्दिवासका लागि युपियसको ब्याट्री खरिद गरी जडान गरिएको साथै विद्युत ट्रान्सफर्मर र जेनेरेटर मर्मत सम्भार गरिएको। उडितोला डोटी, दोलखा र चौपट्टा दाङ्गको एफ.एम. स्टेशनको युपियस मर्मत सम्भार गरिएको। | |
| | | Program Distribution Network Link स्थापना तथा Software लगायतका उपकरणहरू खरिद समेत। | नयाँ स्थापना गरिएको एफ.एम. स्टेशनमा Program Distribution Network Link स्थापना गरिएको। जसमा कोशी प्रदेश अन्तर्गत इलाम र भेडेटार धनकुटा तथा मधेश प्रदेशको जितपुर बारा र बर्दिवास महोत्तरी तथा गण्डकी प्रदेशको बन्दीपुर तनहुँ र दाउन्ने एफ.एम रिलेकेन्द्रहरूमा Program Distribution Network Link स्थापना भएको। | |
| | | केन्द्रमा Digital FM प्रसारणका लागि Digital Studio निर्माण तथा उपकरण जडान गर्ने। | उल्लेखित क्रियाकलापका लागि आवश्यक उपकरणहरूको स्पेशिफिकेसन स्वीकृत भै थप प्रक्रियामा रहेको। | |
| | | धरान प्रसारण केन्द्रमा सर्टवेभको सिमलकाष्ट (Analog & Digital AM) प्रसारणका लागि कन्टेन्ट सर्भर लगायतका उपकरण | उल्लेखित क्रियाकलापका लागि उपकरणहरूको निर्कोल तथा स्पेशिफिकेसन स्वीकृत भै थप प्रक्रियामा रहेको। | |

| | | | | |
|---|---|---|---|---|
| | | जडान गर्ने तथा केन्द्रमा Emergency Warning System (Radio Broadcasting) जडान सहित व्यवस्थापन गर्ने। | | |
| ७. | दाङ्गमा कृष्णसेन इच्छुक सञ्चारग्राम निर्माण। | सञ्चारग्राम निर्माणका लागि सरोकारवालाहरूसँग अन्तरक्रिया, छलफल लगायतका अन्य कार्य गर्ने। | क) सञ्चारग्राम निर्माणका सन्दर्भमा कार्यालय सम्बन्धी कार्य गर्न आवश्यक उपकरणहरूको विवरण तयार गरी स्पेशिफिकेसन तयार भएको।<br>ख) उल्लेखित क्रियाकलाप सञ्चालन गर्नका लागि सरोकारवालाहरूसँग छलफल सम्पन्न गरिएको।<br>ग) सञ्चारग्राम स्थापना तथा सञ्चालन निर्देशिकाको मस्यौदा तयार पार्न उपसमिति गठन भएको।<br>घ) सञ्चारग्रामका लागि आवश्यक जग्गा प्राप्तिका लागि लुम्बिनी प्रदेश मुख्यमन्त्रीको कार्यालय र राप्ती गाउँपालिका देउखुरी दाङ्गलाई पत्राचार गरिएको। | |

## बार्षिक प्रगति विवरण

| क. सं. | कार्यक्रम | क्रियाकलाप | उपलब्धि/प्रगति | कैफियत |
|---|---|---|---|---|
| ८. | अन्य विविध | बार्षिकोत्सव विशेष कार्यक्रम | रेडियो नेपालको ७५ औं बार्षिकोत्सवको अवसरमा २ जना स्रष्टालाई जनही ५१ हजार एक र ताम्रपत्र सहित सम्मान गरिएको। सोही उपलक्ष्यमा २०८१ चैत्र १८ गते हुलाक टिकट प्रकाशन र प्रथम दिवसीय टाँचा लगाइएको। | |
| | | | रेडियो नेपालको ७५ औं बार्षिकोत्सवको उपलक्ष्यमा रेडियो नेपालको मुखपत्र "झङ्कार" प्रकाशन गरिएको। | |
| | | | रेडियो नेपालको ७५ औं बार्षिकोत्सव (हिरक महोत्सव) को उपलक्ष्यमा केन्द्रीय कार्यालय, सिंहदरबारको प्राङ्गणमा हिरक स्तम्भ स्थापना गरिएको। | |
| | | | रेडियो नेपालको ७५ औं बार्षिकोत्सव (हिरक महोत्सव) को उपलक्ष्यमा २०८१ चैत्र १७ गते शास्त्रिय संगीत सम्मेलन र १८ गते राष्ट्रब्यापी आधुनिक गीत प्रतियोगिता सम्पन्न गरिएको। | |
| | | | ७५ औं बार्षिकोत्सव (हिरक महोत्सव) को उपलक्ष्यमा "रेडियो नेपालको ७५ वर्ष १०१ स्रष्टा" नामक पुस्तक प्रकाशन गरिएको। | |
| | | पूर्वारम्भ कार्यक्रम | सार्वजनिक सेवा प्रसारणको पूर्वारम्भ (Pre-Launching) कार्यक्रम २०८१/१०/०१ देखि सुरू गरी २०८१/१०/०३ गते सम्म ३ दिन विभिन्न सेसनहरू सहित सम्पन्न गरिएको। | |
| | | उपकरण प्राप्ति | विविसिबाट यस सार्वजनिक सेवा प्रसारणलाई अनुदानमा प्राप्त १ थान ट्रान्समिटर लगायतका उपकरणहरू खुमलटार प्रसारण केन्द्रमा जडान गरी प्रसारणलाई निरन्तरता दिइएको। | |
| | | सम्झौता सम्पन्न | सार्वजनिक सेवा प्रसारण नेपालको जनकपुरमा ब्यूरो कार्यालय स्थापना सम्बन्धी सम्झौता मधेश प्रदेश सरकार सँग सम्पन्न भएको। | |
| | | जिन्सी निरिक्षण | केन्द्रिय कार्यालय र प्रादेशिक प्रसारण कार्यालयको आ.व. २०८०/८१ को जिन्सी निरिक्षण प्रतिवेदन तयार भएको। | |

| क्र. स. | कार्यक्रम | क्रियाकलाप | उपलब्धी/प्रगति | कैफियत |
|---|---|---|---|---|
| ८. | अन्य विविध | बजेट प्रस्ताव | आ.व. २०८२/८३ को लागि बजेट तथा नीति कार्यक्रमको तयारीका लागि बजेट मस्यौदा उपसमिति गठन भए बमोजिम मस्यौदा सञ्चालक समितिमा पेश भएको र आ.व. २०८२/८३ को बजेट तथा नीति कार्यक्रम सञ्चालक समितिबाट स्वीकृत भएको। | |
| | | स्थलगत बहस कार्यक्रम | कर्णाली प्रदेशको जुम्ला, कालिकोट, मुगु र लुम्बिनी प्रदेशको बाँके, गण्डकी प्रदेशको मुस्ताङ्ग, पर्वत, तनहुँ र बाग्लुङ त्यसै गरी कोशी प्रदेशको पाँचथर, तेह्रथुम, धनकुटा र इलाम लगायतका जिल्लाहरूमा स्थलगत रिपोर्टमा आधारित बहस कार्यक्रम सम्पन्न गरि कार्यक्रम प्रसारण गरिएको। | |
| | | तालिम कार्यशाला सम्पन्न | सार्वजनिक सेवा प्रसारणका समाचार र कार्यक्रम तर्फका कर्मचारीहरूलाई मौसम तथा विपद सञ्चार सम्बन्धी काठमाडौमा ३ दिने र कोहलपुर बाँकेमा २ दिने तालिम कार्यशाला सम्पन्न गरिएको। | |
| | | पुस्तक प्रकाशन | रेडियो नेपालको आरोह अवरोह र ७५ वर्षको यात्रा नामक रेडियो नेपालको विगत र वर्तमान सम्बन्धी पुस्तक प्रकाशन भएको। | |
| | | सम्झौता सम्पन्न | सार्वजनिक सेवा प्रसारण नेपाल र मधेश प्रदेश सरकार विच सार्वजनिक सेवा प्रसारण संस्थाको ब्यूरो कार्यालय जनकपुरमा स्थापनाका लागि सम्झौता कार्य सम्पन्न गरिएको। | |
| | | अन्तरक्रिया बहस सम्पन्न | सार्वजनिक सेवा प्रसारण नेपाल रेडियो नेपालका समाचार र कार्यक्रमलाई विविधता, विशिष्टता, पहुँच, प्रभाव र प्रवर्धन गर्न सरोकारवालाहरू सँग १ दिने रूपान्तरण बहस कार्यक्रम सम्पन्न गरिएको। | |
| | | बार्षिक समिक्षा सम्पन्न | सार्वजनिक सेवा प्रसारण नेपाल रेडियो नेपालबाट प्रसारित कानूनका कुरा कार्यक्रमको प्रभावकारिताका समिक्षा कार्यक्रम सम्पन्न गरिएको। | |
| | | छलफल सम्पन्न | सार्वजनिक सेवा प्रसारण नेपाल र सुदूरपश्चिम प्रदेश सरकार विच सार्वजनिक सेवा प्रसारण संस्थाको ब्यूरो कार्यालय धनगढीमा स्थापना गर्न मुख्यमन्त्रीसँग छलफल गरिएको। | |
| | | सूचना प्रकाशन | रेडियो नेपालमा रिक्त दरबन्दीका लागि पदपूर्ति प्रकृया सुरू गर्न सूचना प्रकाशन गरिएको। | |
| | | जग्गा हस्तान्तरण | नेपाल सरकारको निर्णयानुसार नेपाल दुरसञ्चार प्राधिकरणलाई स्वामित्व हस्तान्तरण गर्ने भनिएको खुमलटार स्थित रेडियो नेपालको नाममा रहेको जग्गा स्वामित्व हस्तान्तरण गरिएको। | |
| | | प्रत्यक्ष प्रसारण | संविधान दिवस तथा राष्ट्रिय दिवस २०८१ को अवसरमा टुडिखेल काठमाडौबाट मुलसमारोहको २०८१/०६/०३ गते विहान प्रत्यक्ष प्रसारण गरिएको। साथै सम्मानिय प्रधानमन्त्रीज्यूको पत्रकार सम्मेलनको त्रिभुवन विमानस्थलबाट र मन्त्रीपरिषद तथा प्रधानमन्त्री कार्यालयबाट प्रत्यक्ष प्रसारण गरिएको। | |
| | | | बाल दिवस २०८१ को अवसरमा बाल मन्दिर नक्साल, काठमाडौंबाट बालगीत प्रतियोगिताको २०८१/०५/२८ गते विहान ११:०० बजेको समाचार पछि बाट प्रत्यक्ष प्रसारण गरिएको। | |
| | | | नेपालीको दोस्रो ठूलो चाड तिहारको पूर्व सन्ध्यामा पर्व विशेष धुनहरूको ३ बजेको समाचार पछि प्रत्यक्ष प्रसारण गरी प्रस्तुतिकरण गरिएको। छठ पर्वको अवसरमा छठ पर्व २०८१ | |

| | | | | |
|---|---|---|---|---|
| | | | विशेष प्रत्यक्ष प्रसारण २०८१/०७/२२ गते बेलुका र २०८१/०७/२३ गते विहान ५.०० बजे देखि ५.५० सम्म गरिएको। साथै मन्त्रीपरिषद तथा प्रधानमन्त्री कार्यालयबाट २०८१/०७/०७ गते ३ बजेबाट सरकार गठनको १०० दिनमा भए गरेका प्रगति विवरणको प्रत्यक्ष प्रसारण गरिएको। | |
| | | | स्वर सम्राट नारायण गोपालको ३४ औं स्मृति दिवसको उपलक्ष्यमा राष्ट्रिय नाचघर जमल काठमाडौमा आयोजित विशेष कार्यक्रमको रेडियो नेपालको अनलाइन पोर्टलबाट प्रत्यक्ष प्रसारण गरिएको। अन्य पर्व र दिवसहरू लगायतको प्रत्यक्ष प्रसारण गरिएको। | |
| | | कार्यशाला सम्पन्न | समाचार र कार्यक्रमको प्रभावकारी प्रस्तुतिकरण विषयमा सार्वजनिक प्रसारणका सञ्चालक समिति सदस्यहरू अनिता गुरूङ्ग तथा डा. भुमिराज चापागाईबाट प्रस्तुतिकरण सहित कार्यशाला सम्पन्न गरिएको। | |
| | | | मिति २०८१/१०/२७ गते ICT in Broadcasting विषयमा PSB Nepal का सवै महाशाखाका प्रमुखहरू बसी १ दिने कार्यशाला सम्पन्न गरिएको। | |
| | | | जलवायु परिवर्तनको असर र विपत ब्यवस्थापनका बेला गरिने रिपोर्टिङ्गका सन्दर्भमा वि.वि.सि का रिर्पोटर नविन सिंह खड्का सहित सार्वजनिक सेवा प्रसारणका कार्यक्रम र समाचारमा कार्यरत जनशक्तिहरूसँग १ दिने कार्यशाला गोष्ठी २०८१/१२/१० गते सम्पन्न गरिएको। | |

## २.४ यस अवधिमा सम्पादित नवप्रवर्तनीय एवं उल्लेखनीय कार्यहरू

- वि.सं. २०८१ कार्तिक २३ गतेदेखि रेडियो नेपाल र नेपाल टेलिभिजनलाई एकीकृत गरी सार्वजनिक सेवा प्रसारकको रूपमा रूपान्तरण गरिनु देशको सञ्चार प्रणाली सुदृढ, समन्वित र जनउत्तरदायी बनाउने दिशातर्फको एक ऐतिहासिक र नवप्रवर्तनीय कदम हो।

## २.५ बेरुजु फछ्यौंट सम्बन्धी विवरण

| क्र. सं. | हाल सम्म कायम भएको जम्मा बेरुजु लगत | आ.व. २०८१/०८२ मा फछ्यौंट रकम | फछ्यौंटको लागि लेखी पठाइएको | फछ्यौंट (%) |
|---|---|---|---|---|
| १. | २० करोड ३२ लाख | ० | २ करोड ९३ लाख ८९ हजार | ० |

## २.६ अवसर र चुनौतीहरू

नेपालमा रेडियो प्रसारणको अग्रणी संस्था रही वर्तमानमा "राष्ट्रिय रेडियो राष्ट्रको संचार" भन्ने दुरदृष्टि बोकेको "आधुनिक नेपालको समावेशी आवाज" पनि हो रेडियो नेपाल यद्यपि यसका चुनौतीहरू पनि छन । ती यस प्रकारका छन्।

१. सञ्चार माध्यमको विविधिकरणका कारण विज्ञापन बजार विस्तार गर्न।

२. आम्दानीको स्रोत सुनिश्चित नहुँदा निर्धारित योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न।

३. प्रसारण केन्द्रहरु स्थापना तथा नियमित सञ्चालन गर्न।

४. स्रोत अभावको कारणले सबैखाले नविनतम प्रविधि प्रयोग गर्न ।

५. नयाँ जनशक्तिलाई टिकाई राख्न ।

६. सार्वजनिक प्रसारण सेवामा रुपान्तरण हुने क्रममा कर्मचारी व्यवस्थापन गर्न ।

७. निबृत्त हुने कर्मचारीहरु बृद्धि हुँदै जाँदा निबृत्तिभरणको स्रोत व्यवस्थापन गर्न ।

**रेडियो नेपालसँग चुनौतीहरू मात्र होइन प्रसस्त अवसर पनि छन जस्तैः**

- सार्वजनिक प्रसारण संस्था PSB का लागि प्रयाप्त संरचना रहेको ।
- आधिकारिकता प्राप्त अग्रणी राष्ट्रिय प्रसारण संस्था भएको ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरू (ITU, ABU, AIBD, RNTC, RAPA, NHK) सँग निरन्तर सम्बन्ध रहनु।
- संघियतालाई समेत सम्बोधन गर्न सक्ने देशव्यापी प्रसारण संरचना रहनु ।
- प्रयाप्त अचल सम्पति (जग्गा जमिन) र आधारभूत संरचना हुनु।
- AC Nielson, BBC World Service Trust आदिको प्रतिवेदन अनुसार सुधार हुने गुन्जाईस रहनु।
- रेडियो प्रसारणसँग सम्बन्धित प्रयाप्त श्रब्य सामग्री तथा अभिलेखहरू रहनु ।
- राज्यको समावेशी नीति अनुरूप देशै भरिका विविध भाषाहरूमा कार्यक्रम र समाचार प्रसारण हुँदै आउँनु ।
- Media Convergence को अवधारणा उपयोग गर्न सकिने प्रचुर सम्भावना रहेको।
- समावेसी र सम्बृद्ध राष्ट्र निर्माणको लागि राज्यले अवलम्बन गरेका नीति, सिद्धान्त, ऐन, कानुन, नियम आदिको पालना गर्न गराउन सहयोगी भूमिका निर्वाह गर्दै सत्य, तथ्य र सहि सूचना तथा जानकारी प्रसारण गरी श्रोताको विश्वास जित्दै जनता र सरकारको सम्बन्ध सेतु बन्ने अवसर सार्वजनिक सेवा प्रसारण रेडियो नेपाललाई प्राप्त भएको छ । यो सँगै रेडियो प्रसारणको क्षेत्रमा समय सापेक्ष आधुनिकीकरण गर्दै बढिरहेकोले अग्रणी संस्थाको रुपमा अगाडी बढ्ने अवसर मिलेको छ।

**२.७ कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या र समाधानका लागि गरिएका प्रयासहरू।**

- चालु खर्चमा प्रयाप्त रकम अभावका कारण कर्मचारीहरूको पारिश्रमिक समेत समयमा भुक्तानी हुन नसक्दा थप निकासा माग गरि समस्या समाधान गरिएको।
- सवै प्रदेश सरकारहरूसँग कार्यक्रम सहितको आर्थिक प्रस्ताव गरे बमोजिम केही प्रदेश सरकारहरूबाट रेडियो नेपालका लागि बजेट अनुदान प्राप्त भएको।
- विगत आ.व. भन्दा यस आ.व.मा केन्द्रीय प्रसारण र प्रादेशिक प्रसारणमा विज्ञापन र प्रायोजित कार्यक्रम थप गरी समितिको आम्दानीमा वृद्धि गरिएको ।

**३. राजस्व र आय**

**३.१ प्राप्त राजस्वको वर्गिकरण र प्राप्त रकम**

रू हजारमा

| सि. नं. | राजस्वको वर्गीकरण | प्राप्त रकम | कैफियत |
|---|---|---|---|
| १. | सेवा सुविधा पारिश्रमिक र अग्रिम आयकर | ४,४४,९५,१८७.९१ | |

**३.२ आन्तरिक आयको वर्गीकरण र प्राप्त रकम**

रू हजारमा

| सि. नं. | आन्तरिक आयको वर्गीकरण | प्राप्त रकम | कैफियत |
|---|---|---|---|
| १. | केन्द्रीय प्रसारणबाट प्राप्त विज्ञापन, कार्यक्रम प्रसारण, कार्यक्रम उत्पादन, स्टुडियो शुल्क र भाडा बापत। | ५,७८,०४,२५६.०० | |
| २. | प्रादेशिक प्रसारणबाट प्राप्त आम्दानी । | ९८,८४,१०५.२७ | |
| ३. | बैंक ब्याज, जग्गा भाडा र अन्य वापत | २००००००.०० | |
| | **जम्मा रकम प्राप्त रकम रू** | **८,७६,८८,३६१.२७** | |

**४. समिति तथा कर्मचारीको विवरण**

**४.१ निकायमा कार्यरत मुख्य जिम्मेवार पदाधिकारी तथा कर्मचारीहरू र सम्पर्क नम्बर सहितको विवरण।**

| क्र.सं. | पदाधिकारी तथा कर्मचारीको नाम र पद | सम्पर्क नम्बर |
|---|---|---|
| १. | डा. महेन्द्र विष्ट कार्यकारी अध्यक्ष | ९८५१०६५९३८ |
| २. | विस्णुराम न्यौपाने का.मु. प्रमुख प्रसाशकीय अधिकृत | ९८५१०६६७७७ |
| ३. | चन्द्रभुषण लाल दास, नायव कार्यकारी निर्देशक | ९८४९२१५९२२ |
| ४. | पुष्कर राज गौतम्, निमित्त नायव कार्यकारी निर्देशक (प्राविधिक) | ९७६११३९८८२ |
| ५. | मनोज चौधरी, निर्देशक (आर्थिक प्रशासन) | ९८४१७४६३३३ |
| ६. | गोपाल थापा, निर्देशक (ब्यापार) | ९८४१५००५३२ |
| ७. | ई. उदयकृष्ण श्रेष्ठ, निर्देशक (ई.) | ९८४१२१८२२४ |
| ८. | पवन प्याकुरेल, निर्देशक (समाचार) | ९८४१४१६३३१ |
| ९. | बद्रि विशाल तण्डुकार, उपनिर्देशक (प्रशासन) | ९८४१२९८११५ |
| १०. | जनार्दन विष्ट, उपनिर्देशक (समाचार) | ९८५१०८५४४० |
| ११. | तारा प्रसाद वस्ती उपनिर्देशक (कार्यक्रम) | ९८४१४३९५९७ |
| १२. | प्रमोद दाहाल, उपनिर्देशक | ९८५११३४९१० |
| १३. | ई.सचिदानन्द यादव, उपनिर्देशक इन्जिनियरिङ्ग महाशाखा | ९८४१०४८१४४ |
| १४. | सुरेन्द्र प्रसाद यादव, उपनिर्देशक योजना/उत्पादन (ई.) | ९८४२०६२६८४ |
| १५. | सुर्यनारायण लाल कर्ण, नि. प्रमुख धरान प्रसारण केन्द्र र तारिणीप्रसाद कोइराला स्मृति सञ्चारग्राम विराटनगर | ९८४४२९६८०८ |
| १६. | रामपुकार राम, प्रमुख मधेस प्रदेश | ९८४९५३४१३२ |
| १७. | तिल विक्रम चेम्जोङ्ग निमित्त प्रमुख कोशी प्रदेश | ९८४२१११४३० |
| १८. | शान्ति गुरूङ्ग, निमित्त कार्यालय प्रमुख गण्डकी प्रदेश | ९८५६०२४१३७ |
| १९. | लिला कुमारी पोखरेल, प्रमुख भैसेपाटी प्रसारण केन्द्र | ९८४१८६४५८० |
| २०. | अनुराधा थापा, प्रमुख कर्णाली प्रदेश | ९७६५९४१०१० |
| २१. | दानसिंह ऐर, प्रमुख सुदूर पश्चिम प्रदेश | ९८६८४३००१५ |
| २२. | बिन्तिराम महतो निमित्त प्रमुख लुम्बिनी प्रदेश | ९८४८०२७६६७ |

५. ईन्फोग्राफिक्स तथा तस्विरहरू

**५.१ आ.ब. २०८१/८२ मा सम्पादित मुख्य कार्यहरू झल्किने तस्विर, जानकारीमूलक चार्ट, ग्राफ वृत्तचित्र आदि ।**

